मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ | अंक १६२ | २०८० साल वैशाख ११ गते सोमबार | Monday 24, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

### उत्साहजनक उपनिर्वाचन

# बारामा सबैभन्दा बढी ६५ प्रतिशत मतदान

**मधेशदृष्टि**
**वीरगंज, १० वैशाख ।**
आइतबार बारा-२, चितवन-२ र तनहुँ-१ मा भएको उपनिर्वाचन शान्तिपूर्ण भएको छ । मतदाता बिहानैदेखि मतदानमा सहभागी भएका थिए। निर्वाचन आयोगले समग्रमा ६० प्रतिशत मत खसेको जनाएको छ । यद्यपि बारा ६५ प्रतिशत र चितवनमा ६२ प्रतिशत मत खसेको थियो । तनहुँमा भने ५२ प्रतिशत मात्रै मत खसेको पाइएको छ।

बारा क्षेत्र नम्बर २ मा शान्तिपूर्ण रुपमा मतदान सकिएको छ। बारा क्षेत्र नम्बर २ को सबै मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान भएको र ६२ प्रतिशतको हाराहारीमा मत खसेको मुख्य निर्वाचन अधिकृत मुकेश उपाध्यायले जानकारी दिए । मतदान सम्पन्न भएसँगै मतपेटिका सिलबन्दी गरी मुचुल्का उठाएर मतगणनास्थलमा ल्याइएको छ।

महागढी र पचरौता नगरपालिका, करैयामाइ, सुवर्ण र देवताल गाउँपालिकाको ४४ वडा समेटिएको निर्वाचन क्षेत्रमा ५८ हजार नौ सय ३४ पुरुष र ४६ हजार तीन सय १४ महिलासहित एक लाख पाँच हजार दुई सय ४८ मतदाता थिए। तर आइतबार ६८ हजार ८ सय ८७ मत खसेको जिल्ला निर्वाचन कार्यालय बाराका प्रमुख सरोजकुमार चौधरीले जानकारी दिए।

कार्यालयका अनुसार, महागढीमाइमा ११ हजार ९ सय ७५ पुरुष र ९ हजार ७ सय १ महिलाले मतदान गरेका छन्। यस्तै, करैयामाइमा ५ हजार ६ सय ५५ पुरुष र ५ हजार ५ सय १ महिलाले मतदान गरेका छन्। कोल्वीको एउटा वडामा ८ सय २९ पुरुष र ७ सय ५२

- बाँकी पृष्ठ २ मा



## ६० प्रतिशत मत खस्यो

आइतबार भएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनको मतदानमा बारा निर्वाचन क्षेत्र नम्बर २, चितवन निर्वाचन क्षेत्र नम्बर २ र तनहुं निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले प्रारम्भिक विवरणमा ६० प्रतिशत मतदान भएको जनाएको छ । जसअनुसार बारा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा ६५ प्रतिशत, चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा ६३ प्रतिशत र तनहुं जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा ५३ प्रतिशत मतदान भएको छ। मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बारा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा ६३ दशमलव ५६ प्रतिशत, चितवन जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा ६७ दशमलव ६३ प्रतिशत र तनहुँ जिल्ला निर्वाचन क्षेत्र नम्बर १ मा ५४ दशमलव ०३ प्रतिशत मतदान भएको थियो। यस निर्वाचनमा तीन वटै निर्वाचन क्षेत्रमा तीन लाख ५३ हजार २ सय ४७ मतदाता रहेका थिए।

आयोगले बाराको मतपेटिका मतगणनास्थल शिक्षा तालिम केन्द्र, कलैयामा, चितवनको मतपेटिका मतगणनास्थल उद्योग वाणिज्य सङ्घको हलमा र तनहुँको मतपेटिका मतगणनास्थल जिल्ला समन्वय समिति परिसर, दमौलीमा राति ११ बजेभित्र ढुवानी भइसकेको बताएको छ।

## चितवनमा ६२ र तनहुँमा ५२ प्रतिशत मतदान

चितवन निर्वाचन क्षेत्र नम्बर २ मा सम्पन्न उपनिर्वाचमा ६२ दशमलव ७७ प्रतिशत मत खसेको प्रारम्भिक नतिजा आएको छ । आइतबार बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान भएको हो। ४३ स्थलका एक सय ३८ केन्द्रमा मतदान भएको हो। जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीले ७८ हजार दुई सय ७७ मतदाताले मतदान गरेको जानकारी दिए । यस क्षेत्रमा एक लाख २४ हजार छ सय ९५ जना मतदाता थिए। तीमध्ये ६३ हजार दुई सय ९१ महिला, ६१ हजार चार सय तीन पुरुष र एकजना तेस्रोलिङ्गी छन् । आइतबार रातिदेखि नै मतगणना सुरु गर्ने तयारीमा मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको छ। चार स्थानमा गणना गर्न मिल्ने गरी व्यवस्थापन गरिएको छ। वैशाख १३ गतेसम्म नतिजा आउने गरी गणनाको काम गरिने छ।

यस्तै, तनहुं निर्वाचन क्षेत्र नं १ मा प्रतिनिधिसभाका लागि आइतबार भएको उपनिर्वाचनमा ५२ प्रतिशत मत खसेको छ। बिहान ७ देखि सुरु भएको मतदान दिउँसो सवा ५ बजेसम्म भएको हो । मतदानका लागि ६९ मतदानस्थल र एक सय ५२ मतदान केन्द्रमा एकै साथ मतदान सुरु गरिएको जिल्ला

- बाँकी पृष्ठ ६ मा

# प्रादेशिक अस्पतालका चिकित्सक निजी क्लिनिकमा

*अस्पतालका निर्देशक डा. प्रमोद यादव मात्र होइनन् डा. रश्मी प्रसाद यादव, डा. रामदेव चौधरी, डा.मनिष पाण्डे, डा. सिद्धिदात्री झा, डा. जामुन प्रसाद सिंह, डा. अमिय कुमार साह, डा. राजकिशोर पण्डित, डा. जयकिशोर पण्डित, डा. जितेन्द्र प्रसाद जयसवाल, डा. संजितकुमार झा, डा. इन्द्रजीत रजक, डा. वृजमोहन रजक, डा. अजयकुमार यादव, डा. कृष्णकुमार यादव, डा. सुधिर यादव डा. दिग्विजय ठाकुर सहित दुई दर्जनभन्दा बढी अस्पतालमा कार्यरत चिकित्सक तथा पदाधिकारीले अस्पतालको ५ सय मिटर दूरीभित्रै निजी क्लिनिक सञ्चालन गरिरहेका छन् ।*



**एसके कर्ण**
**जनकपुरधाम, १० वैशाख ।**
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनमा भएको कमीकमजोरीको फाइदा उठाउँदै प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले मनपर्दी गर्दै आएका छन् ।

सरकारी अस्पतालमा कार्यरत चिकित्सक निजी क्लिनिक तथा अस्पतालमा ड्यूटी गर्न नपाउने र अस्पताल वरिपरि दुई सय मिटरभित्र निजी क्लिनिक तथा अस्पताल खोल्न नपाउने प्रावधान केन्द्रीय स्वास्थ्य ऐनमा व्यवस्था छ । तर मधेश प्रदेशको मधेश स्वास्थ्य विज्ञान ऐनमा त्यस्तो व्यवस्था नरहेका कारण प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक तथा पदाधिकारीले अस्पताल अगाडि नै निजी क्लिनिक तथा अस्पताल सञ्चालन गर्दै आएका छन् । अस्पतालका निर्देशकदेखि प्रत्येक चिकित्सक अस्पताल अगाडि नै निजी क्लिनिक तथा अस्पताल सञ्चालनमा सरिक छन् ।

अस्पतालको ड्यूटी समय छाडेर खट्ने निजी क्लिनिक वा अस्पतालमध्ये एउटा पनि दर्ता छैन । निजी क्लिनिक औषधी पसलको प्यान नम्बर र अस्पताल कम्पनी रजिष्ट्रार कार्यालयको दर्ता नम्बरको भरमा सञ्चालन भइरहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चैत १५ गते सूचना जारी गर्दै निजी अस्पतालबाट सरकारी चिकित्सकको नाम हटाउन निर्देशन दिएको थियो । सरकारी अस्पतालमा सेवा लिन आउने सेवाग्राहीले सरकारी चिकित्सकबाट सहजरुपमा सेवा लिन पाउन् भन्ने उद्देश्यले मन्त्रालयले यस्तो निर्देशन दिएको हो ।

तर प्रादेशिक अस्पतालका अधिकांश चिकित्सक निजी क्लिनिकमा व्यस्त हुन्छन्

- बाँकी पृष्ठ ६ मा

# एप्समार्फत ठगी गर्ने ६ जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
धनुषा प्रहरीले अनलाइन ठगी गरेको आरोपमा ६ जनालाई पक्राउ गरेको छ। टलवीन लाईफ अमेरिकी संस्थाको संचालित मोबाइल एप्समार्फत ठगी गरेको आरोपमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

टलवीन लाइफ भन्ने मोबाइल एप्समार्फत अनलाइन ठगी भएको भन्ने उजुरी परेको आधारमा धनुषा प्रहरीले अनुसन्धानको क्रममा जनकनन्दनी गाउँपालिका ३ महुवा टोलबाट ४ र जनकपुरधाम उपमहानगरपालिका १२ बाट २ जनालाई पक्राउ गरिएको धनुषा प्रहरीले आइतवार पत्रकार सम्मेलन गरी सार्वजिनक गर्दै जानकारी दिए ।

पक्राउ पर्नेहरुमा जिल्लाको विदेह नगरपालिका १ का संजीव भिनवार यादव, कमला नगरपालिका ३ लग्माका रंजीत नुनिया, जनकपुरधाम उपमहानगरपालिका १७ का अंदेश महतो, जनकपुरधाम १६ का पप्पु पुर्वे र जनकपुरधाम १२ का उसवान अन्सारी र जिलानी साफी रहेको पत्रकार सम्मेलनमा धनुषाका एसपी विश्वराज खड्काले जानकारी दिए ।

सो टलवीन लाइफ नेटवर्किङ

- बाँकी पृष्ठ ६ मा



# प्राधिकरणविरुद्ध प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
अनियमित रुपमा दैनिक ८ देखि १२ घण्टासम्म हुँदै आएको विद्युत् कटौतीले उद्योग चौपट भएको भन्दै मोरङ व्यापार संघले विद्युत् प्राधिकरणको दुहवी ग्रिडमा घेराउ गरेको छ।

विद्युत् कटौतीको तालिका सार्वजनिक गर्न र भएको विद्युत् व्यवस्थित रुपमा वितरण गर्नुपर्ने माग गर्दै संघमा आबद्ध सुनसरी मोरङ औद्योगिक क्षेत्रका उद्योगीले ग्रिडमा धर्ना दिएका हुन् । विद्युत नियमित आपूर्ति माग गर्दै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, उद्योग संगठन मोरङ, मोरङ व्यापार संघलगायत संस्था आन्दोलनमा छन् । नियमित आपूर्ति गर्न नसके लोडसेडिङको कार्यतालिका दिनुपर्ने उनीहरुको माग छ । विद्युत प्रधिकरणले औद्योगिक क्षेत्रमा विहान ६ बजेदेखि १० बजेसम्म र बेलुका ५ बजेदेखि राति १० बजेसम्म दैनिक विद्युत कटौती गरिरहेको छ । त्यस बाहेक अन्य समयमा पनि विद्युत कटौती हुने गरेको उद्योगीको गुनासो छ।

धर्नाका क्रममा उद्योगीले विद्युत् कटौती तालिका सार्वजनिक गर, जथाभावी विद्युत् काट्न पाइँदैन, उद्योग मार्न पाइँदैन, कुलमान घिसिङ राजीनामा दे जस्ता नारा लगाएका थिए । उनीहरुले विद्युत् कटौतीको तालिका सार्वजनिक नगरेसम्म घेराउ कार्यक्रम जारी रहने




# बजेट अपुगले २२ हजार शिक्षकले पाएनन् पेन्सन




**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
बजेट अपुगले करिब २२ हजार शिक्षकले चैत महिनाको पेन्सन (निवृत्तिभरण) नपाएको खुलेको छ।

निवृत्तिभरण लिने ५० हजारमध्ये ३० हजार शिक्षकले मात्र चैत महिनाको रकम पाएका छन् । बाँकी २२ हजारको निवृत्तिभरणको लागि बजेट अपुग भएको निवृत्तिभरण व्यवस्थापन कार्यालयका प्रमुख विष्णुप्रसाद खरेलले जनाएको छ।

सरकारले वृद्धि गरेको १५ प्रतिशत तलब बढ्दा पेन्सन पनि बढ्ने भएकाले बजेट अपुग भएको प्रमुख खरेल बताउँछन् । उनी भन्छन् 'बजेट बनाउने बेला तलब/पेन्सन बढ्छ भन्ने अनुमान थिएन।

बीचमा आएर बढ्यो, त्यसले गर्दा नपुगेको हो ।'

उपत्यकाका तीन जिल्लाका साथै झापा, मोरङ, जनकपुर, भैरहवा लगायत १२ वटा जिल्लाका शिक्षकलाई पेन्सनको पैसा पठाउन बाँकी रहेको उनले बताए । उनका अनुसार कार्यालयले अर्थ मन्त्रालयमा पाँच अर्ब माग गरेको छ, तर आइसकेको छैन।

'अर्थबाट बजेट दिने निर्णय भइसकेको छ । अब शिक्षा मन्त्रालय र त्यहाँबाट हामीलाई आउने हो', उनले भने, 'अब चाँडै समस्या समाधान हुनेछ।'

# अक्षय त्रितीया पर्व मनाइयो

**महोत्तरी** । बटुवालाई जौं, चनाको सातु एवं चिसो पानीको सर्वत ख्वाइँदै आइतवार महोत्तरीसहितका मिथिला क्षेत्रमा अक्षय त्रितीया पर्व मनाइँदै छ । वैशाख शुक्ल तृतीयाका दिन यो पर्व मनाइन्छ।

सघन आवतजावतको बाटोमै बसेर भोका र तिर्खाएका बटुवालाई जौं र चनाको सातु, सख्खर र चिसो पानीमा बनाइएको गुलियो सर्वत खुवाउने पुरानो मिथिला परम्परा हो ।यस पर्वमा सर्वत ख्वाइँदा अक्षय (कहिल्यै नास नहुने) पुण्यप्राप्त हुने मैथिल (मिथिलाका बासिन्दा)को जनविश्वास छ । यस पर्वमा गरिब र अभाव भोगी, खेपिरहेकालाई सातु राखिएका थैला र सर्वत राखिएको घडासहित दान गर्ने परम्परा रहेको साहित्यकार महेश्वर राय बताउछन् ।यस पर्वको वर्णन भविष्य पुराणमा उल्लेख छ । भगवान् शिव र देवी पार्वतीको विवाह भएको दिन पनि मानिने यो पर्वमा ब्राह्मण, कूलपुरोहित तथा गरिबलाई स्वर्ण (सुन), शीतल खाद्य परिकार र वस्त्र दान गर्नेको कहिल्यै भण्डार खाली नहुने उल्लेख रहेको बर्दिबास-२ का कर्मकाण्डका ज्ञाता महेशकुमार झा बताउछन् ।

यस पर्व सुख र समृद्धिको प्रतीक मानिन्छ । यो पर्वले गर्मीमा पसिना धेरै आएर शरीर शिथिल हुने हुँदा शरीरमा चिनीको मात्रा सन्तुलन राख्न सख्खर र चिनीमा बनाइएको शीतल सर्वत र पुष्टिवर्द्धक अन्न जौं र चनाको सातु खानपिनको प्रयोगमा जोड दिएको बर्दिबास अस्पतालका चिकित्सक मेडिकल अफिसर डा किशोर अधिकारीको भनाइ छ।




पर्वले मौसमअनुसार पुष्टिवर्द्धक भोजन गर्न सन्देश दिनसँगै दीनदुःखी र भोकाएका, तिर्खाएकालाई सेवा दिन नैतिक सन्देश दिएको पाका मैथिल बताउँछन् ।पर्वमा कूलपुरोहित ब्राह्मणलाई पूजा गरेर वस्त्र, मिष्टान्न खाद्य परिकार र दक्षिणा दिएर आफ्नो र परिवारका सदस्यहरूको जीवनमा शीतलताको कामना गर्दै जौं, चनाको सातु र सर्वत खाएर यो पर्व समापन गरिने मैथिल परम्परा छ।

भगवान् शिव र पार्वतीको विवाह भएको मानिने यो दिन नयाँ घरबास, नानीहरूको अन्नप्रासन र विवाहलगायतका माङ्गलिक कार्यका लागि अर्को साइत हेर्न नपर्ने आम मैथिल मान्यता छ।

# स्मार्टको लाइसेन्स खारेज नगर्न आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
नेपाल दूरसञ्चार प्राधिकरणले स्मार्ट टेलिकमको लाइसेन्स खारेजी सम्बन्धी गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश गरेको छ।

न्यायाधीश नरिश्वर भण्डारीको एकल इजलासले बुधबार अल्पकालीन अन्तरिम आदेश गर्दै खारेजीको निर्णय कार्यान्वयन नगर्न र नगराउन आदेश दिएको हो । "किस्ताबन्दीमा नवीकरण शुल्क बुझाउने सुविधा माग गरेको देखिएको, यस अदालतमा सो विषयको रिट विचाराधीन अवस्थामा रही अन्तरिम आदेशको छलफलको लागि मितिसमेत तोकिएको छ", आदेशमा भनिएको छ, "दूरसञ्चार प्राधिकरणले निवेदकले प्राप्त गरेको अनुमतिपत्र खारेज हुने गरी मिति २०८०/१/४ मा निर्णय गरी कार्यान्वयनमा ल्याउँदा निवेदकको लगानी जोखिममा परी अपूरणीय क्षति हुने र संविधानको सन्तुलनको दृष्टिबाट समेत निवेदकलाई घोर असुविधा हुने अवस्था छ।"

आदेशमा दुवै पक्षबीच छलफल भई अर्को आदेश नभएसम्म नेपाल दूरसञ्चार प्राधिकरणबाट निवेदकका नाममा जारी गरिएको यही वैशाख ४ गतेको निर्णय कार्यान्वयन नगर्नु/नगराउनु भनिएको छ । लाइसेन्स नवीकरणका लागि शुल्कसहित आवेदन नदिएपछि प्राधिरकणले दूरसञ्चार ऐनअनुसार लाइसेन्स स्वतः खारेज गर्ने निर्णय गरेको थियो।

## बारामा सबैभन्दा बढी ..............................

महिलाले मतदान गरेका छन् । देवतालमा ५ हजार १ सय ३२ पुरुष र ४ हजार २ सय ७८ महिलाले मतदान गरेका छन् । सुवर्णपुरमा ६ हजार ३ सय ७० पुरुष र ५ हजार ९५ महिलाले मतदान गरेका छन् । पचरौतामा ७ हजार १ सय ३ पुरुष र ६ हजार ४ सय ९६ महिलाले मतदान गरेको निर्वाचन कार्यालयले जनाएको छ।

निर्वाचन अधिकृतको कार्यालयले मतगणनाको सम्पूर्ण तयारी पूरा गरिसकेको र गणनाको ३६ घण्टाभित्र मतपरिणाम आउने गरी विभिन्न ४ स्थानमा गणना गरिने व्यवस्था मिलाइएको बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिए । पिपरपाती बुथबाहेक १ सय ३७ मतदान केन्द्रमा शान्तिपूर्ण मतदान भएको सापकोटाले जानकारी दिए।

आइतबार सम्पन्न मतदानमा गर्भवती, अशक्त, ज्येष्ठ नागरिकले लाइनमा बस्नु नपर्ने र उनीहरुलाई पहिलो प्राथमिकता दिएर मतदान गर्ने व्यवस्था मिलाइएको थियो । स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण, भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा २ हजार छ सय पाँच सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी सापकोटाले जानकारी दिए।

उनका अनुसार यस क्षेत्रमा निर्वाचनका लागि एक हजार छ सय ८८ प्रहरी, छ सय पाँच सशस्त्र प्रहरी र तीन सय नेपाली सेना निर्वाचनमा परिचालन भएका थिए । विभिन्न राजनीतिक दल तथा स्वतन्त्रसहित ३४ उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । ८२ मतदानस्थलमा १ सय ३७ मतदान केन्द्र तोकिएका थिए । ती मध्ये ६५ मतदानस्थल अतिसंवेदनशील, १७ सामान्य वर्गीकरण गरिएको थियो।

### दुई मतपत्रले तनाव

बारा क्षेत्र नम्बर २ को उपचुनावमा मतदान जारी रहेको बेला एक जनाले छाप लगाइएको दुईवटा मतपत्र खसाल्न खोजेपछि प्रहरीले उनलाई पक्राउ गरेको छ।

जनता समाजवादी पार्टीका नेता रामसागर यादवसँग छाप लगाइएको दुईवटा मतपत्र पाइएपछि उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । देवताल-७ स्थित वडा कार्यालय पिपरपाती, जब्दी मतदान केन्द्रमा यादवसँग दुईवटा मतपत्र फेला परेको थियो । जिल्ला समन्वय समितिका सदस्यसमेत रहेका यादव साँझ ५ बजे छुटेका छन्।

### ६ पक्राउ

बारा निर्वाचन क्षेत्र नम्बर २ को उपनिर्वाचन बिथोल्न खोज्ने छ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। देवताल गाउँपालिका वडा नम्बर ७ पिपरपाती बुथ केन्द्रमा निर्वाचन बिथोल्न सक्रिय उनीहरुलाई पक्राउ गरिएको हो।

रौतहट, बौधीमाई नगरपालिका वडा नम्बर ४ का ४७ वर्षीय बृजकिशोर प्रसाद यादव, रौतहट, वृन्दावन नगरपालिका वडा नम्बर १ का ४२ वर्षीय दयाराम राउत, वडा नम्बर ४ का ३५ वर्षीय उमेश यादव, बारा, प्रसौनी गाउँपालिका वडा नम्बर ४ का ३८ वर्षीय मङ्गल प्रसाद साह र बारा देवताल-७ का ६२ वर्षीय रामसागर यादवलाई पक्राउ गरिएको प्रहरी प्रवक्ता पुरुषोत्तम सिंह पाण्डेयले जानकारी दिए।

### बुथ कब्जा भएको छैन

बारा-२ मा मतदानको क्रममा कुनै पनि मतदान केन्द्रमा बुथ कब्जा नभएको जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख होबिन्द्र बोगटीले बताए । मतदानक्रममा कहीँकतै पनि बुथ कब्जा नभएको तथा शान्तिपूर्ण तरिकाले मतदान भएको बताउदै बोगटीले बुथ कब्जा भएको कुरा निराधार भएको जानकारी दिए । सामान्य विवाद हुँदा प्रहरी प्रशासनको समन्वयमा समाधान भएको बताउदै गढिमाई इनर्वा, देवताल पिपरपातीलगायतको स्थानमा शान्तिपूर्ण रुपमा मतदान भएको प्रहरी उपरीक्षक बोगटीले बताए।

### मुख्यमन्त्रीलाई स्पष्टिकरण

निर्वाचन आयोगले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई आचारसंहिताविपरीत काम गरेको भन्दै २४ घण्टे स्पष्टिकरण सोधेको छ । आयोगले आइतबार बारा जिल्ला क्षेत्र नम्बर २ मा प्रतिनिधि सभा सदस्य उपचुनाव भइरहेको अवस्थामा चुनावको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकूल असर पर्ने गरी आचारसंहिता विपरीत हुने कार्य गरेकाले २४ घण्टाभित्र लिखित स्पष्टिकरण पेस गर्न निर्देशन दिएको आयोगले जनाएको छ।

### मुख्यमन्त्रीको स्पष्टिकरण

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै निर्वाचन आयोगको विज्ञप्तिप्रति आफ्नो ध्यानाकृष्ट भएको बताएका छन्।

आफूले आचारसंहिताविपरीत कुनै काम नगरेको र विज्ञप्तिमा सत्यता नभएको बताएका छन् । मतदातालाई भ्रममा नपर्न र निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न बारा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर २ का सम्पूर्ण मतदातालाई मुख्यमन्त्रीले अपिल गरेका थिए।

# शिक्षामा २० प्रतिशत बजेट विनियोजन गर्न माग

**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालले आगामी आर्थिक वर्ष शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन गर्न माग छ।



एनसिइ नेपालले राजनीतिक दलद्वारा निर्वाचनका बेला घोषणापत्रमा गरेको प्रतिबद्धताप्रति नेपाल सरकारका सम्बन्धित मन्त्री र निकायलाई ध्यानाकर्षण गराउँदै सोहीअनुरूप शिक्षामा कुल राष्ट्रिय बजेटको २० प्रतिशत रकम आगामी आर्थिक वर्षमा विनियोजन गर्न माग गरेको छ।

हाल शिक्षामा करिब १० प्रतिशतको हाराहारीमा बजेट रहेको छ । एनसिइ नेपालका अध्यक्ष राजेन्द्र पहाडीले शिक्षाको मौलिक हकको कार्यान्वयन र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न अपुग रहेकाले सरकारले शिक्षा बजेट बढाउनुपर्ने बारेमा अवगत गराइएको जानकारी दिए।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ जारी भइसकेको अवस्थामा त्यसको कार्यान्वयनका लागि कुनै पनि शुल्क नलाग्ने व्यवस्थाका साथै दिवा खाजा, छात्रवृत्ति, प्राथमिक उपचार तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने र त्यसका निम्ति हालको विनियोजन अपर्याप्त भएकाले बजेट वृद्धि गरिनुपर्ने एनसिइ नेपालको माग रहेको छ। सो सञ्जालले अर्थमन्त्री डा. प्रकाशशरण महत, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई र राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाँललाई हालै सुझावपत्र बुझाएको हो । एनसिइ नेपालका महासचिव सुदर्शन सिग्देलका अनुसार अर्थमन्त्री डा. महतले उपलब्ध स्रोतसाधनकै 'फ्रेमभित्र रही' बजेट विनियोजन गरिने र मुलुक अहिले आर्थिकरूपमा संवेदनशील अवस्थामा पनि शिक्षा क्षेत्रलाई प्राथमिकतामै राखिएको बताए।

# नेपालमा बन्ने सवारी दर्ता गर्ने कानुन बनाउन निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालमा बन्ने यात्री मोटरसाइकल लगायत सवारी साधन दर्ता गर्न मिल्ने कानून बनाउन निर्देशन दिएका छन् । प्रधानमन्त्रीले आइतवार मुख्यसचिव शंकरदास बैरागीमार्फत् सम्बन्धित निकायलाई यस्तो कानून बनाउन निर्देशन दिएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ।

"यात्री' लगायत नेपालमा उत्पादित सवारी साधन दर्ता नभएको भन्ने गुनासोलाई गम्भीरतापूर्वक लिएको छु,' प्रधानमन्त्री दाहालले भनेका छन्, 'सवारी साधन दर्ता एवं स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्नेगरी तत्काल कानुनी प्रबन्धको प्रक्रिया अगाडि बढाउन नेपाल सरकारका मुख्यसचिवमार्फत् सम्बन्धित निकायलाई निर्देशित गरेको छु।'

## ----- राशिफल -----

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## सम्पादकीय

# उत्साहजनक मतदान

बारा-२, चितवन-२ र तनहुँ-१ मा भएको उपनिर्वाचनमा उत्साहपूर्वक मतदान भएको छ। समग्रमा ६० प्रतिशत मतदाताले मतदान गरेको पाइएको छ। बारामा एकसय वर्षका बद्री पासमान र तनहुँमा ९३ वर्षका मोतीकुमार श्रेष्ठले मतदान गरेका समाचार बाहिर आएका छन् । यसले जेष्ठ नागरिकको मतदानमा सक्रिय सहभागिता देखाउँदछ । अब प्रतीक्षा मतपरिणामको रहेको छ । राति मतदान केन्द्रबाट मतपेटिकाहरु आइसकेपछि गणनाका लागि दलहरु तयार भएर गणनामा साक्षी भएका छन् । गणकहरु पनि मत गन्न खटिएका छन् । मंगलबारसम्ममा नतिजा दिने निर्वाचन आयोगको तयारी छ । चितवनमा ६२ प्रतिशत मत खसेको छ । ३ वटै उपनिर्वाचन क्षेत्रमा हेभिवेट उम्मेदवार हरुदेखि स्वतन्त्र उम्मेदवारहरुको प्रतिस्पर्धात्मक प्रचार शैली अब निर्वाचनको अर्को उपक्रम मतपरिणाममा जोडिएको छ।

बाराको निर्वाचन अन्त भन्दा अलि बढी नै चर्चामा रह्यो । यहाँ गठबन्धनका साझा उम्मेदवार जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँगै नेकपा एमालेका पूर्वमन्त्री भइसकेका पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, जनमत पार्टीका शिवचन्द्र कुशवाहा, आमजनता पार्टीका अरुण ज्ञवाली र राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेलका कारण उपनिर्वाचनको चर्चामा बारा-२ केन्द्रमा रहिरह्यो । आइतबार निर्वाचनका दिनअघिका मौन अवधिमा पनि यहाँ उस्तै चर्चा रह्यो । जनमत पार्टीका नेता कार्यकर्तामाथि निर्वाचन आचारसंहिता उल्लंघनको आरोप लाग्यो भने आइतबार पनि सामाजिक सञ्जालहरुमा अनेक फण्डा गरेर निर्वाचनमा मतदाताको मन भाँड्ने, मोड्ने र बदल्ने अभ्यासहरु भएको भन्दै चर्चा परिचर्चा कायम रह्यो । सामाजिक सञ्जालका अनेक अफवाहको खेतीपाती राम्रै भयो।

यो अफवाहले कसलाई कति फाइदा पुग्ला ? तर समग्रमा बारामा भने सामाजिक सञ्जाल र सामाजिक सञ्जालजस्तै समाचार लेख्ने सञ्चारमाध्यमहरुप्रति ह्वात्तै जनविश्वास घटेको छ।

हामी आइतबार दिनभर नै विभिन्न मतदान केन्द्रमा पुग्यौं। त्यहाँको बस्तुस्थिति हेर्‍यौं। नागरिकसमाजसँग अन्तरक्रियामा सहभागी भयौं। जनताको भावना बुझ्यौं । सुरक्षाकर्मीको सतर्कता अवलोकन गर्‍यौं । मत दिन आएका मतदाताको मनोदशा र भावनाहरु पनि सुन्यौं, पढ्यौं, हेर्‍यौं। उनीहरु निर्भयका साथ मतदानमा आएका थिए । मतदान गरे । गए । तर सामाजिक सञ्जालहरुमा अनेक अफवाह फैलाइयो। कतै मतदान केन्द्रको बुथमै लुटान भयो। एकलौटी मत हालियो। यस्ता अफवाहले चुनावका बेला थोरै लाभ त हल्ला गर्नेहरुलाई पुग्ला। समग्रमा उनीहरुको राजनीतिक चरित्र भने विकसित हुन बाँकी रहेको संकेत गर्दछ। अर्कातिर घटनास्थलमा नपुगी सामाजिक सञ्जालका भरमा खबर प्रेषण गर्नेहरुले पनि पत्रकारिताको हुर्मत लिने काम गरेका छन् । यसले व्यावसायिक पत्रकारितामा कोठे पत्रकारिताका कारण आँच आउने पक्का छ।

समग्रमा उपनिर्वाचन शान्तिपूर्ण भएको छ। मतदाताले सुरक्षा प्रत्याभूत गरेका छन् । दलहरुले आफ्ना पक्षमा मतदाता बटुल्न गरेका प्रयासहरुको परीक्षा सकिएको छ। अब मतगणनालाई शानितपूर्वक समापन नै दलहरुको बाँकी जिम्मेवारी हो । जनमत कसका पक्षमा जान्छ, उनीहरु अविजित भएर जनताका पक्षमा काम गर्नुपर्छ। उपविजेताले विजेताका काममा खबरदारी गर्दै अर्को निर्वाचनका लागि जनताको मन र मत बटुल्दै जानु पर्छ। निर्वाचनका बेला अफवाहको खेती गरेर, झूटका पुलिन्दाहरु बाँडेर, आक्षेपहरु लगाएर मात्र राजनीतिक अभिष्ट पूरा हुँदैन। जनता को कति पानीमा छन् भन्ने बुझ्दछन्। उपनिर्वाचनले दिने सन्देश सायद यही हुनेछ। कुरौं केही दिन।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# तीनदशक अघिदेखि प्रदूषित सिर्सिया प्रदूषणमुक्तको कल्पना

*जुन पानीबाट छालाको रोग निको हुन्थ्यो, अचेल त्यही पानीबाट क्यान्सर र मुटु रोग हुने गरेको छ। नेपालको संविधानमा स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने र प्राकृतिक सम्पदा बिगार्नेलाई १० वर्षसम्म कैद पनि सजाय हुँदाहुँदै यसरी खुलेयाम सिर्सिया नदीलाई प्रदूषण गर्नेलाई कसैले कारबाही गर्न सकेको छैन। फोहोर पानी गन्हाउने समस्याले पनि नदी छेउछाउँमा बस्ने सर्वसाधारणले नाक थुनेर बस्नुपर्ने बाध्यता छ।*



**– हरिशंकर शर्मा**

बाराको जीतपुर सिमरा उपमहानगरपालिका-३ स्थित रामवन झाडीबाट वीरगंज महानगरपालिका हुँदै भारतसम्म पुगेको सिर्सिया नदी विगत तीन दशक अघिदेखि प्रदूषणको सिकार बनेको छ। सिमरास्थित रामवन झाडीमा यसको मुहान छ। परवानीपुरको दक्षिणमा कियासुत नदी यसमा मिसिन्छ । वौद्यी खोला यसमै विलय हुन्छ । तर, वीरगंज नपुग्दै यो नदी औद्योगिक प्रदूषणको चपेटामा पर्छ र प्रदूषणयुक्त पानी बग्ने सुरु हुन्छ। बारा, पर्सा क्षेत्रमा उद्योग-कारखाना बाक्लिएसँगै सिर्सिया प्रदूषित हुँदै गएको हो।


यस क्षेत्रमा साना, मझौला र ठूला गरी करिब २ हजार ५ सयको हाराहारीमा उद्योग छन् । प्रायः सबैले उत्सर्जित ठोस वा तरल फोहोरमैलाको उचित व्यवस्थापनमा ध्यान दिएका छैनन् । कतिपयले खुलेआम त कतिपयले नदेखिने गरी भूमिगत नालाबाट सिर्सिया नदीमा फोहोर पानी मिसाउने गरेका छन् । नदीको प्रदूषणले सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदिना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँव, बेहरा, बलुवा, सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगर क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित छन्।

खासगरी छाला उद्योगबाट छालाका टुक्रा, 'रौ' का टुक्रा र फोहोरयुक्त पानी सिधै नदीमा मिसाउने गरिएको छ । त्यस्तै सिमेन्ट उद्योग, साबुन उद्योगहरुले आफ्नो छाईहरु नदी किनारमै भण्डारण गर्ने गरेको छ। पानीको बहाव बढेपछि त्यो छाई नदीको पानीमा मिसिन्छ । हावा चल्दा त्यस क्षेत्रको मानव वस्तीमा प्रत्यक्ष असर पार्छ। हावा चल्दा उडेको छाईले स्वासप्रस्वासमा गम्भीर असर पार्छ।

जगरनाथपुरस्थित नदी छेउमा टन्नै छाईहरु थुपारिएको छ, त्यसबाट नदीको पानी प्रदूषण भई जलचर मरिसके।

जुन पानीबाट छालाको रोग निको हुन्थ्यो, अचेल त्यही पानीबाट क्यान्सर र मुटु रोग हुने गरेको छ। नेपालको संविधानमा स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने र प्राकृतिक सम्पदा बिगार्नेलाई १० वर्षसम्म कैद पनि सजाय हुँदाहुँदै यसरी खुलेयाम सिर्सिया नदीलाई प्रदूषण गर्नेलाई कसैले कारबाही गर्न सकेको छैन। फोहोर पानी गन्हाउने समस्याले पनि नदी छेउछाउँमा बस्ने सर्वसाधारणले नाक थुनेर बस्नुपर्ने बाध्यता छ। यस क्षेत्रकै मान्छे बढी क्यान्सरबाट पीडित रहेको भरतपुर क्यान्सर अस्पतालको तथ्यांकले पनि देखाउँछ र यसको मुख्य कारण नै यहाँका उद्योगबाट निस्कने फोहोर हो, जसबाट सर्वसाधारण क्यान्सरको सिकार बन्ने गरेका छन्।

बाराको सिमरादेखि पश्चिममा पर्ने रामवनमा रहेको जंगलमा मूल रहेको





सिर्सिया नदीलाई दुषित बनाउनेमा बारा, पर्साको औद्योगिक करिडोरमा रहेका साना ठूला गरी ४६ उद्योग छन् । ती उद्योगबाट उत्सर्जित प्रदूषित रसायनयुक्त पानी र फोहोर पदार्थ प्रशोधन नगरी सिधै नदीमै उत्सर्जन हुँदै आएको छ । औद्योगिक करिडोरमा रहेका छाला, डिस्टिलरी, टेक्सटाइल, घ्यू, साबुनलगायतका उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदो लगायतका विकार नदीमा मिसिइँदा दुर्गन्धित बनेको हो।

> उद्योगीको पकड यति ठूलो भइसकेको छ कि महानगरपालिकाको निर्देशनलाई ठाडै उल्लंघन गर्दै आइरहेका छन्। उद्योगीको मनसाय भइसकेको छ, महानगरपालिका कराइरहन्छ, हामी फोहोर फालिरहन्छौं। चेतावनी दिइरहन्छ, हामी सुन्दै गर्छौं तर त्यसको पालना गर्दैनौं। विगत ३० वर्ष अघिदेखि जरा गाडेको समस्यालाई समाधान गर्न अर्थात सिर्सिया नदीलाई सफाइ गर्न महानगरपालिकालाई ठूलै चुनौती देखिएको छ।

### ५ वर्षदेखिको संघर्ष असफल

सिर्सिया नदीको सफाइको लागि सामाजिक अभियन्ताले दबाब पनि दिएका छन्, तर समस्या ज्यूँका त्यूँ छ । सिर्सिया नदीको फोहोरयुक्त पानीबाट यस क्षेत्रका अधिकांश नागरिक क्यान्सरको सिकार भएकाले यसलाई रोक्न अधिवक्ता सुरेन्द्र कुर्मीको नेतृत्वमा गठित संघर्ष समितिले विगत ५ वर्षदेखि संघर्ष गर्दै आएको छ। तर त्यो संघर्षको पनि कुनै परिणाम आउन सकेको छैन । उद्योगी व्यापारीले गर्दै आएको मनोमानीका कारण र वीरगंज महानगरपालिकाका तत्कालीन मेयर विजय सरावगीको लाचारीपनको कारण पनि त्यो ५ वर्षको संघर्षले कुनै नतिजा दिन सकेन।

अधिवक्तासहितको टोलीले सिर्सिया नदी सरसफाइका लागि संघर्ष मात्रै गरेनन्, अदालतमा मुद्दासमेत दिए, रोडमा धर्ना बसे, घण्टाघरमा धर्ना बसे तर त्यो सबै संघर्षलाई वीरगंज महानगरपालिकाका तत्कालीन मेयर विजय सरावगीको असहयोगको कारण उद्योगी व्यापारी आफ्नो मनमौजी गर्दै आए र अहिले पनि मनपरी गरिरहेका छन् । अधिवक्ता कुर्मीले स्वच्छताका लागि विगत ४ वर्ष पहिला ९ वटा उद्योग र वीरगंज महानगरपालिकाविरुद्ध अदालतमा मुद्दा हालेका थिए तर त्यसको प्रतिउत्तरमा सम्पूर्ण उद्योगले आफूहरुसँग वाटर ट्रिटमेन्ट प्लान्ट रहेको भन्दै जवाफ दिएको थियो र अदालतले हकदैयाको अभावमा अदालतले आफ्नो मुद्दा खारेज गरिएको थियो।



### १३ वर्ष बित्दा पनि कारबाही भएन

सिर्सिया नदी अनुगमन समितिले नदी प्रदूषित बनाउने दोषीहरु किटान गरी स्थानीय प्रशासनलाई प्रतिवेदन बुझाएको १३ वर्ष बितिसक्दा पनि कारबाही प्रक्रिया अगाडि बढ्न सकेको छैन। सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले सिर्सिया नदी अनुगमन समिति गठन गरेको थियो । समितिले नदीको स्थलगत अनुगमन गरी तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारण उद्योग नै रहेको उल्लेख थियो। प्रतिवेदनमा नदी प्रदूषण गर्ने र अविलम्ब कारबाही गर्नुपर्ने उद्योगको नामै किटान गरिएको थियो।

### महानगर सिर्सिया सरसफाइमा खरो उत्रँदै

सिर्सिया नदी सरसफाइमा वीरगंज महानगरपालिका खरो रुपमा उत्रिएको छ । महानगरपालिकाका मेयर राजेशमान सिंह निर्वाचित भएदेखि महानगरको सरसफाइलाई पहिलो प्राथमिकतामा राख्दै आफ्नो कार्यभार सम्हालिरहेको कारण पनि सिर्सिया नदी सरसफाइमा महानगर खरोरुपमा उत्रेको हो। सिर्सिया नदी प्रदूषणबारे गुनासा उठ्न थालेपछि महानगरको टोलीले सिर्सिया नदीदेखि त्यसमा फोहोर फाल्ने उद्योगको अनुगमन कार्यलाई तिब्रता दिएको छ।

अनुगमन गरी केही उद्योगलाई कारबाही पनि गरिएको छ, तर त्यसबाट पनि सरसफाइ अभियान सफल हुनसकेको छैन । मेयर सिंहले पहिलो पटक फोहोर फाल्ने उद्योगलाई फोहोर नफाल्न चेतावनी दिएका थिए। त्यसपश्चात नमानेपछि कारबाहीस्वरुप २०७९ फागुन १६ गते सिर्सिया नदीमा उद्योगको छाई फाल्ने ३ वटा ट्याक्टरलाई नियन्त्रणमा लिई जरिवाना गरेका थिए । त्यसपश्चात महानगरको टोलीले निधी टेक्सटाइल्स, ब्रिटानिय नेपाल, शक्ति दाल मिल र शक्ति वायर उद्योग अनुगमन गरेको थियो । अनुगमनक्रममा निधि टेक्सटायल्सले उद्योगबाट निस्केको फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको पाइएको थियो।

उद्योगले दैनिक डेढ लाख लिटर केमिकलसहितको फोहोर पानी उद्योगबाट सोझै सिर्सिया नदीमा मिसाउने गरेको पाइएको थियो । उद्योगले अहिलेसम्म पनि वाटर ट्रिटमेन्ट प्लान्टसमेत नराखेको र फोहोर पानी नदीमा फाल्दै आएको पाइएको थियो । महानगरपालिकाले ती उद्योगहरुलाई वाटर ट्रिटमेन्ट प्लान्ट जडान गर्न निर्देशन दिँदै फोहोर पानी नदीमा नमिसाउन चेतावनीसमेत दियो । यतिले पनि उद्योगहरुले नमानेपछि महानगरपालिकाले ५ वटा उद्योगलाई जरिवानासमेत गर्यो तर त्यसको परिणाम शून्य रह्यो। उद्योगहरुले नदीमा फोहोर फाल्ने कार्य अझै पनि रोकेका छैनन्। अहिले पनि सिर्सिया नदीको पानी कालै बगिरहेको छ। महानगरपालिका यसरी खरो रुपमा उत्रँदा पनि उद्योगीले अटेरी गर्दै आएका छन् । आम नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष खेलवाड गर्दै आइरहेका छन्।

महानगरपालिका आफैं शक्तिशाली सरकार हो, उसले आफ्नो मातहतको समस्यालाई आफैं समाधान गर्न सक्नुपर्छ तर उद्योगीको पकड यति ठूलो भइसकेको छ कि महानगरपालिकाको निर्देशनलाई ठाडै उल्लंघन गर्दै आइरहेका छन् । उद्योगीको मनसाय भइसकेको छ, महानगरपालिका कराइरहन्छ, हामी फोहोर फालिरहन्छौं। चेतावनी दिइरहन्छ, हामी सुन्दै गर्छौं तर त्यसको पालना गर्दैनौं। विगत ३० वर्ष अघिदेखि जरा गाडेको समस्यालाई समाधान गर्न अर्थात सिर्सिया नदीलाई सफाइ गर्न महानगरपालिकालाई ठूलै चुनौती देखिएको छ।

### उद्योग मन्त्रीलाई आग्रह

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले सिर्सिया नदी प्रदूषण नियन्त्रणमा सहयोग गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई आग्रह गरेका छन् । भर्खरै मन्त्रीमा नियुक्त भएका रिजाल गृहजिल्ला आएको मौका छोपी मेयर सिंहले आफ्नै कार्यकक्षमा स्वागत तथा सम्मान गर्दै सिर्सिया नदी प्रदूषण नियन्त्रणमा सहयोग गर्न आग्रह गरेका थिए।

वीरगंजको लाइफलाइनका रुपमा रहेको सिर्सिया नदीमा उद्योगबाट भइरहेको प्रदूषण नियन्त्रणका लागि महानगरपालिकाले प्राथमिकताका साथ काम गरिरहेको र त्यसमा मन्त्रालयको सहयोगको आवश्यकता रहेको बताउँदै नदी प्रदूषणमुक्त बनाउन सहयोग गर्न आग्रह गरेका थिए । वीरगंजमा नयाँ औद्योगिक क्षेत्रको विकास तथा उद्योग ग्राम स्थापनाको काम हुनेमा आफू विश्वस्त रहेकाले यहाँका औद्योगिक समस्या समाधानमा पनि मन्त्री रिजालको ध्यानाकर्षण गराएका थिए । बजेट अभावमा नागरिकमुखी योजना कार्यान्वयनमा लैजान कठिन भएकाले त्यसमा पनि आवश्यक साथ र समन्वय गरिदिन आग्रह गरेका थिए।

नवनियुक्त मन्त्री रिजालले सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि महानगरले गरिरहेको प्रयास सह्रानीय रहेको भन्दै त्यसमा मन्त्रालयले आवश्यक सहयोग गर्ने प्रतिवद्धतासमेत जनाएका थिए । 'धेरै वर्ष पहिले आमाले पनि यो नदीमा छठका बेला पूजा गरेको मलाइ सम्झना छ,' उनले भने, 'अहिले त नदीको पानी धेरै कालो देखिन्छ, गन्हाउने पनि भएको छ, यसलाई स्वच्छ बनाउन महानगरले गरिरहेको प्रयास राम्रो छ, मन्त्रालयबाट मैले गर्नु पर्ने सहयोग गर्न म तयार छु।'

# सुधारको गतिमा अर्थतन्त्र




**काठमाडौँ ।** राजस्व विभागको पछिल्लो विवरणअनुसार राजस्व सङ्कलनमा ६१ प्रतिशतले वृद्धि भएको छ । गत माघमा मासिक लक्ष्यको ५३ प्रतिशतले मात्रै राजस्व सङ्कलन भएकामा फागुनमा ५४ प्रतिशत र चैतमा ६१ प्रतिशतले वृद्धि भएको छ।

विभागका अनुसार गत माघमा रु ३० अर्ब ८० करोड, फागुनमा रु ३१ अर्ब ८० करोड र चैतमा रु ३४ अर्ब ८० करोड बराबरको राजस्व सङ्कलन भएको छ । सरकारले राजस्व वृद्धिका लागि आवश्यक पहल गरिरहेको छ । पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले ब्याजदर एक प्रतिशत बिन्दुभन्दा बढीले घटाएका छन् । निक्षेपको ब्याजदर घटाएका बैंक तथा वित्तीय संस्था कर्जाको ब्याजदर पनि क्रमशः घटाउने तयारीमा छन् ।

सरकारको खर्चको हिसाब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म कूल रु छ खर्ब ९५ अर्ब २३ करोड १५ लाख बराबरको राजस्व सङ्कलन भएको छ। शुक्रबारसम्मको विवरणअनुसार सरकारले रु सात खर्ब ३६ अर्ब बराबरको राजस्व रकम प्राप्त गरेको छ । सो अवधिमा रु नौ खर्ब ५५ अर्ब २४ करोड ७६ लाख बराबरको खर्च गरेको छ।

वैदेशिक मुद्राको सञ्चिति बढाउनका लागि सरकारले केही वस्तुको आयातमा रोक लगाएपछि भन्सार राजस्व सङ्कलनमा केही दबाव परेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार चालु आवको आठ महिनामा कूल विदेशी सञ्चिति १४ खर्ब एक अर्ब २१ करोड बराबर पुगेको छ।

सो अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४८ अर्ब ११ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ५८ अर्ब ६४ करोडले घाटामा थियो । यस्तै सो अवधिमा चालु खाता रु ४४ अर्ब ३१ करोडले घाटामा छ । केन्द्रीय बैंकका अनुसार रु सात खर्ब ९४ अर्ब ३२ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । विदेश अध्ययन गर्न जाने विद्यार्थीले मात्रै सो अवधिमा रु ५४ अर्ब ७० करोड बराबरको रकम विदेश लगेका छन् । विदेश भ्रमणमा जानेले मात्रै रु ७६ अर्ब १२ करोड लगेका छन् । सरकारले यो खर्च कम गराउनेतर्फ विशेष ध्यान दिनुपर्ने जानकार हरुको भनाइ छ । विप्रेषणमा सुधार भएको छ, विदेशी मुद्राको सञ्चितिमा वृद्धि भएको छ । राजस्व सङ्कलन पनि क्रमशःवृद्धि हुँदै गएकाले अर्थतन्त्र सुधारको दिशामा रहेको स्पष्ट हुन्छ । मुलुकको अर्थतन्त्रको पछिल्लो तस्विर हो यो ।

निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको नवनिर्वाचित नेतृत्वले सङ्कट समाधानका उपाय खोज्ने क्रममा निरन्तर परामर्श गरिरहेको छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार नेपाली अर्थतन्त्र न्यून माग र उच्च मूल्यवृद्धिका कारण समस्यामा परेको छ । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न नसक्दा विगतदेखि समस्या सिर्जना भएको उनको बुझाइ छ । उनले आफूले सधैँ सकारात्मक सोच मात्र राख्ने र हाम्रोजस्तो मुलुकको अर्थतन्त्रलाई लयमा ल्याउन सकिने भन्दै यसका लागि सरकार निजी क्षेत्र सहयोग र सहकार्य आवश्यक रहेको धारणा राख्छन् । उनले भने, 'आर्थिक वृद्धिको आधार तयार पार्न हामी सबै जुट्नुपर्छ । बजारमा माग बढाउनु जरुरी छ । इन्धनको मागमा वृद्धि गरेर जानुपर्छ । राज्य र निजी क्षेत्रको साझा प्रयासबाट मात्रै अर्थतन्त्रको वर्तमान समस्या समाधान गर्न सकिन्छ ।' भौतिक पूर्वाधारको काम हुने समय भए पनि बजारमा सिमेन्ट, रडको मागमा कमी आएको छ । इन्धनको माग बढ्न सकेको छैन । सरकारले पुँजीगत खर्च बढाउन सकेको छैन । राष्ट्रिय गौरवका आयोजनामा अपेक्षित खर्च हुन सकेको छैन । शुक्रबारसम्म २९ प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ । अध्यक्ष ढकालका अनुसार बजारमा माग बढाउने र मूल्य घटाउनका लागि सबैको साथ र सहयोग जरुरी छ । महासङ्घको नयाँ कार्यसमितिले नेपाल राष्ट्र बैंकसहित नेपाल सरकार र सबै सरोकारवालासँग परामर्श र गरिरहेको उनीँ बताउछन् ।

केही दिनअघि महासङ्घको टोलीले गभर्नरसँग पनि भेट र परामर्श गरेको थियो । त्यस अवसरमा गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक निजी क्षेत्रसँगको सहकार्यबाट नै अघि बढ्ने बताएका थिए । उनले बैंकिङ क्षेत्रका मुद्दा र समस्यामा आफूले आगामी दिनमा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राख्ने बताएका थिए । पछिल्ला दिनमा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमा पुनःविचार गर्दै लगानी विस्तारका लागि मार्ग प्रशस्त गर्न तयार भएको छ । यद्यपि, हालसम्म नतिजा भने आइसकेको छैन । गभर्नर अधिकारीको भनाइलाई मान्ने हो भने बैंक तथा वित्तीय संस्थामा हाल रु दुई खर्ब बराबरको लगानीयोग्य पुँजी छ । सिडी रेसियोबाट हेर्दा बैंकसँग रु दुई खर्ब लगानीयोग्य पुँजी छ । उनले हाल रु एक खर्ब ४८ अर्बको सकारात्मक बचत छ ।

तरलता सहज हुँदै गएको, लगानीयोग्य रकम बढेको उल्लेख गर्दै गभर्नर अधिकारी भन्छन्, 'बैंक लगानी गर्ने स्थितिमा छन् । उत्पादनमूलक क्षेत्रमा लगानी बढोस् भन्ने हाम्रो लक्ष्य हो । सोहीअनुसार नीतिमा सुधार हुन्छ ।' गभर्नरको यस खालको आत्मस्वीकृतिले पनि अर्थतन्त्रले लय समात्दैछ भन्ने अनुमान गर्न सकिन्छ ।

अर्थमन्त्री डा प्रकाशशरण महत पनि आफू लगातार राष्ट्र बैंकका गभर्नरलगायत अधिकारीसँग छलफल गरिरहेको र समस्या समाधानमा केन्द्रित रहेको बताउछन् । शनिबार राजधानीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले अर्थतन्त्रको सुधारका लागि आफू एक्लैले केही गर्न नसक्ने भएकाले सम्बद्ध सरोकारवालाले विशेष ध्यान दिनुपर्ने बताएका थिए । उनले केही विषयमा नीतिगत हस्तक्षेप गर्ने सङ्केत गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन र बाधा हटाउन पहल भइरहेको बताएका थिए।

ब्याजदरमा भएको वृद्धिका कारण लगानीमैत्री वातावरण बन्न नसकेको उल्लेख गर्दै उनले मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई चलायमान बनाउन नेपाल राष्ट्र बैंकको नेतृत्वसँग पनि छलफल गरिरहेको जानकारी दिएका थिए । उनले भने, 'हामी धैरै निरास नहोऔँ, अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ । केही समय धैर्य गरौँ', अर्थमन्त्री डा महतले भने । यतिबेला धैर्यता जरुरी रहेको र अनुत्पादक खर्च घटाउनुपर्ने अवस्था आएको बताउछन् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' । उनले अर्थतन्त्रमा सुधारको सङ्केत देखा परेको भए पनि ढुक्क हुने अवस्थामा नरहेको समय समयमा बताउने गरेका छन् । सरकारले राजस्व बढाउने र समस्यामा परेका नागरिकलाई केही हदमा भए पनि राहत दिने लक्ष्यका साथ भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गरेको छ । यही वैशाख ५ गतेको मन्त्रिपरिषद् बैठकले सो नियमावली स्वीकृत गरेको हो । निजी क्षेत्रका प्रतिनिधिसँग प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्र सुधार्न केही नयाँ, ठूलो र गुणात्मक बजेट ल्याउने तयारीमा सरकार रहेको हालै बताएका थिए।

प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री डा महत अर्थतन्त्रको समस्या समाधानका लागि सरोकारवाला पक्षसँग नियमित संवाद गरेका छन् । त्यसैले अर्थतन्त्रले क्रमशः लय समात्दै गएकाले विचलित नहुन सरकारको आग्रह छ।

# बढ्न थाल्यो सिमेन्ट निर्यात



**काठमाडौँ ।** चालू आर्थिक वर्षका नौ महिनामा नेपालले रु ४२ करोड बढीको नेपाली सिमेन्ट निर्यात गरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको चैतसम्मको तथ्यांक अनुसार नेपालले यस अवधिमा रु ४२ करोड ३२ लाख ८९ हजार बराबरको सिमेन्ट र क्लिंकर निर्यात गरेको हो।

समीक्षा अवधिमा रु २३ करोड ७२ लाख ७३ हजार बराबरको क्लिंकर र रु १८ करोड ५९ लाख १६ हजार बराबरको सिमेन्ट निर्यात भएको हो । सो अवधिमा दुई लाख ७२ हजार तीन सय २८ टन क्लिङ्कर र एक लाख ९२ हजार एक टन सिमेन्ट निर्यात भएको छ । सरकारले चालु आवको बजेटमा निर्यातमा छुटको घोषणा गरेसँगै दुई सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निर्यात गर्दै आएका छन् । गत असार २४ गतेदेखि पाल्पा सिमेन्टको तानसेन र असोज ३१ गतेदेखि अर्घाखाँची सिमेन्ट भारत निर्यात सुरु भएको हो।

**नियमित निर्यात**

पाल्पा र अर्घखाँची सिमेन्टरले भारतका विभिन्न सहरमा नेपाली सिमेन्ट निर्यात भैरहेको बताएका छन्। अर्घखाँची सिमेन्ट उद्योगका सञ्चालक राजेश अग्रवालले ठूला चाडपर्वमा निर्यातमा केही सुस्तता आएपनि हाल नियमित रुपमा निर्यात भइरहेको बताए। 'ठूला चाडपर्वका कारण केही सुस्तता भएको थियो, नयाँ सामग्री, नयाँ ब्राण्ड, नयाँ बजार भएपछि हामीसँगै ग्राहकले बुझ्न समेत केही समय लाग्छ, नयाँ स्थानमा पिकअप लिन केही समय लाग्यो', उनले भने।

अर्घाखाँची ब्राण्डको सिमेन्ट पनि हाल भारतको युपी सहरमा निर्यात भइरहेको छ । पाल्पा सिमेन्टले गत असार २४ गते श्री स्टीलले साउन ४ गते तथा अर्घखाँची सिमन्टले गत असोज ३१ गतेदेखि नेपाली उत्पादन भारत निर्यातको सुरु गरेका हुन।

सरकारले सिमेन्ट, स्टील लगायत सामान निर्यातमा ८ प्रतिशत अनुदान र वार्षिक रु दश करोड बढीको विद्युत खपत गर्ने उद्योगलाई २ देखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेको थियो। चालु आर्थिक वर्षको बजेटमार्फत् सो व्यवस्था गरेको थियो । त्यसका लागि कार्यविधि पनि बनिसकेको छ ।सिमेन्ट उत्पादक सङ्घले सरकारले सिमेन्ट निर्यातमा छुटको घोषणा गरेपछि भारतको विभिन्न सहरमा निर्यात सुरु भएको हो । भारत सरकारबाट सिमेन्ट निर्यातमा गुणस्तर प्रमाणपत्रको पर्खाइमा धेरै सिमेन्ट उद्योग रहेको सङ्घले जनाएको छ । नेपाली सिमेन्ट उद्योगले भारत निर्यातका लागि भारत सरकारबाट गुणस्तर प्रमाणित प्रमाणपत्र लिनुपर्नेछ ।सिमेन्ट उत्पादक सङ्घको तथ्यांकअनुसार नेपालमा ६० भन्दा धेरै सिमेन्ट उद्योग सञ्चालनमा छन् । तीमध्ये करिब १५ वटाले सिमेन्ट र क्लिंकर दुवै उत्पादन गर्दै आएका छन् । यी सिमेन्ट उद्योगको वार्षिक उत्पादन क्षमता झण्डै २ करोड २० लाख टन जति रहेको अनुमान छ।

निर्यात र विद्युत महसुलमा छुट पाउने भएपछि उद्योगीहरु उत्साहित भएका छन्। सरकारको उक्त छुटसँगै पाल्पा र अर्घाखाँची सिमेन्टपछि जगदम्बा, सर्वोत्तम र सौर्य लगायत सिमेन्ट उद्योग पनि निर्यातको तयारीमा छन् ।

# व्यवसायीद्वारा मालवाहक ढुवानी ठप्प



**काठमाडौं ।** अरनिको, बिपी र हेलम्बु राजमार्गमा गुड्ने मालवाहक सवारीलाई जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले अनिवार्यरूपमा भारमापन गर्न निर्देशन दिएपछि व्यवसायीले निर्माण सामग्री ढुवानी ठप्प पारेका छन् । तीन दिनदेखि ढुवानी रोक्ने चेतावनी दिँदै आएका उनीहरूले गए रातिदेखि ढुवानी ठप्प पारेका हुन् ।गृह मन्त्रालयले जिल्लाका तौलपुल सञ्चालनमा ल्याउन परिपत्र गरेपछि गत मङ्गलबार यातायात व्यवसायी तथा सरोकारवालाको छलफलमा कार्यालयले बिहीबारदेखि अनिवार्यरूपमा भारमापन गर्न निर्देशन दिइएको थियो । यातायात व्यवस्था विभागको सात दशमलव पाँच घनमिटर निर्माण सामग्री बोक्न पाउने प्रावधानअनुसार ढुवानी भइरहेकामा भारमापन केन्द्र (तौलपुल)मा तौल लिँदा समय लाग्ने तथा प्रशासनले बोक्नुपर्ने तौलको यकिन नगरी दुःख दिएको कारण देखाउँदै व्यवसायीले ढुवानी रोकेका बताएका छन् ।

व्यवसायीले पनौती क्षेत्रबाट शुक्रबार रातिदेखि नै ढुवानी ठप्प पारेका थिए भने शनिबार राति अरनिको राजमार्ग, बिपी राजमार्ग र हेलम्बु राजमार्गका ढुवानी ठप्प पारेका हुन् ।

टिपरलाई दिउँसो ढुवानी गर्न प्रतिबन्ध लगाउँदै आइएको छ । विसं २०७८ पुसमा काभ्रेपलाञ्चोकको तीन स्थान पाँचखाल नगरपालिकाको केराघारी, पनौती नगरको नैकिन्टार र नमोबुद्ध नगरको भकुण्डेमाभारमापनकेन्द्र(तौलपुल) व्यवस्थित गरिएको थियो।

केराघारीमा शनिबार साँझदेखि नै चालकले मालवाहक गाडी तौलन नहुने भन्दै विरोध जनाएका थिए । जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख प्रहरी उपरीक्षक भाग्यपुरुष ढकालका अनुसार सबै तौलपुलमा व्यवसायी तथा यातायात मजदुरले विरोध जनाउन थालेपछि त्यस आपसाप ठूलो संख्यामा प्रहरी परिचालन गरिएको हो । प्रहरी परिचालन र विरोधका बीच नगन्य मात्रामा मालवाहक सवारी चलेको थियो । बागमती टिपर व्यवसायी सङ्घका अध्यक्ष सुरेश खत्रीले प्रशासनले कति तौल बोक्नुपर्ने स्पष्ट नगरी गाडीको तौल लिएर झन्झट दिलाएको आरोप लगाउँदै आएका छन् । 'हामी पनि विभागको प्रावधानअनुसार नै चलेका छौँ, तौल लिने नाममा दुःख दिनुभएन, त्यसैको विरोधस्वरुप ढुवानी रोकिएको हो', उनले भने । तौलपुलमा गाडी जोखेर सामग्री ढुवानी गर्न नसकिने उनको भनाइ छ।

तौलपुल स्थापनापछि मालवाहक सवारीले आनाकानी गर्दै भारमापन गर्न नमानेका कारण तौलपुल लथालिङ्ग अवस्थामा रहेपछिकाभ्रेपलाञ्चोकप्रशासनले बिहीबारदेखि अनिवार्यरूपमा भारमापन गर्न निर्देशन दिएको थियो। तौलपुल स्थापनापछि तीनै स्थानीय तहले भारमापन केन्द्र सञ्चालन गरी 'लोडसिट' लिई ढुवानी गर्न/गराउन आग्रहसमेत गर्दै आएका थिए।

दुई राजमार्ग तथा जिल्लाको दक्षिणी क्षेत्र बनेपा-खोपासी सडक, उत्तरी क्षेत्रको हेलम्बु राजमार्गमा दैनिक करिब दुई हजार निर्माण सामग्रीलगायतका मालवाहक सवारी चल्ने गर्दछन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुरेश थापाले टिपर तथा ट्रकलाई ढालाभन्दा माथि सामग्री बोकेर नहिँड्न आग्रह गर्दै आइएको बताए।

प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले तीन राजमार्गमा गुड्ने मालवाहक सवारीलाई अनिवार्यरूपमा नियमसङ्गत ढङ्गले भारमापन गर्नुपर्ने बताए । उनले भने, 'मालवाहक सवारीलाई अनिवार्यरूपमा भारमापन गर्न लगाइनेछ, यसबाट सडक जोगिने छ भने व्यावसायीको समेत विश्वास बढ्नेछ।' उनका अनुसार मालवाहक सवारीसाधनको भारमापन नगर्दा जिल्लास्थित राजमार्गका सडक जीर्ण बन्दै गएका छन् । भारवहन नियमनसम्बन्धी निर्देशिका, २०७४ (संशोधनसहित)को व्यवस्था, यातायात विभागको पत्र र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा २०७८ फागुनमा जारी पत्रानुसार स्थानीय तहले भारमापन कार्यलाई कडाइ गरे पनि भारमापन हुनसकेको थिएन । तौलपुलमा भारमापन गरेवापत प्रतिसवारीले रु एक सय ५० तिर्नुपर्ने नियम बनाइएको छ । निर्देशिकाअनुसार छ पाङ्ग्रेभन्दा माथि क्षमताका मालवाहक सवार ीसाधनले अनिवार्य भारमापन गर्नुपर्ने हुन्छ।

# पर्यटकीय आकर्षण बन्दै लहानको 'हात्तीदह सिमसार'



**लहान।** एक समय जङ्गली हात्तीको क्रिडास्थल रहने गरेको सिरहाको लहान नगरपालिका-१५ मा अवस्थित हात्तीदह सिमसार क्षेत्रमा हिजोआज भने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको छ।

पूर्व-पश्चिम महेन्द्र राजमार्गस्थित लहान बजारबाट करिब सात किलोमिटर उत्तरतर्फ चुरेपर्वत नजिकै सो सिमसार क्षेत्र रहेको छ । आकर्षकरूपमा निर्माण भएका प्रकृतिक तथा मानवनिर्मित संरचना एवं वरिपरिको हरियाली वातावरणले आन्तरिक तथा बाह्य पर्यटकलाई सो क्षेत्रले लोभ्याएको हो । कोइरालो खोला नमूना सामुदायिक वन उपभोक्ता समूहअन्तर्गत रहेको हात्तीदह सिमसार क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिएको हो । करिब पाँच हेक्टर क्षेत्रफलमा फैलिएको यस 'हात्तीदह सिमसार तथा पर्यटक क्षेत्र'लाई आकर्षक बनाउने यहाँको हरियाली जङ्गलले घेरिएको उद्यान, चिसो हावापानी र शान्त वातावरण हुन् । त्यसैगरी बाह्रै महिना पानी नसुक्ने चारवटा पोखरी, वनभोजस्थल र आकर्षक उद्यानको सौन्दर्यसँग रमाउन पछिल्लो समय दैनिक सयौँको सङ्ख्यामा पर्यटक यहाँ आउने गरेका छन् ।

कोइरालोखोला सामुदयिक वन तथा हात्तीदह सिमसार तथा पर्यटक क्षेत्र संरक्षण तथा सञ्चालक समितिका अध्यक्ष रुद्रनारायण चौधरीले एक वर्षअघिमात्र पर्यटकीय क्षेत्रका रूपमा औपचारिक घोषणा भएता पनि छोटो समयमै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न सफल भएको बताए। उनका अनुसार आजभोलि शनिबार तथा सार्वजनिक बिदाको दिनबाहेक दैनिक दुई सयदेखि तीन सयसम्म पर्यटक आउने गरेका छन् ।

'अरु दिनभन्दा सार्वजनिक बिदाका दिन र शनिबारका दिन अलि बढी नै पर्यटक हात्तीदह सिमसार तथा पर्यटक क्षेत्रमा घुम्न आउने गर्छन्', उनले भने, 'विस्तारै यहाँ घुम्न आउने पर्यटकको संख्या बढ्दै गएको छ, त्यही हिसाबले हामीले पनि पर्यटकलाई रमणीय र आकर्षित बनाउने गरी भौतिक पूर्वाधारका काम गरिरहेका छौँ ।'

पर्यटक आगमनलाई थप आकर्षित बनाउन वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौँबाट अनुमति लिई केही वन्यजन्तुको समेत संरक्षण गरी उद्यानभित्र राखिएको अध्यक्ष चौधरीले जानकारी दिए। पार्कभित्र संरक्षित वन्यजन्तुमा जङ्गली कालो भालु, चरीबाघ, दुम्सी, खरायोलगायत रहेका छन्, यसको सजिलै अवलोकन गर्न सकिने छ।

त्यसैगरी यस सिमसार क्षेत्रलाई आकर्षण थप्न उद्यानभित्र फूलको बगैँचा, बालबालिकाका लागि 'चिल्ड्रेन पार्क' तथा सेल्फी खिच्नका लागि विभिन्न आकर्षक डिजाइन निर्माण गर्नुका साथै पर्यटकका लागि पोखरीमा माछा हेर्दै बोटिङ गर्ने व्यवस्थासमेत मिलाइएको छ । अहिले पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गएको यस हात्तीदह सिमसार क्षेत्र अवलोकन तथा वनभोज कार्यक्रमका लागि जिल्लाका सर्वसाधारणमात्र नभएर छिमेकी जिल्ला उदयपुर, सप्तरी, धनुषालगायत देशका विभिन्न जिल्लाबाट स्कुल तथा कलेजका विद्यार्थीसमेत आउने गरेको सञ्चालक समितिका सचिव बद्री सदायले बताए । उनका अनुसार नयाँ वर्ष तथा चाडपर्वका बेला छिमेकी राष्ट्र भारतबाट समेत पर्यटकको घुइँचो लाग्ने गरेको छ।

हात्तीदह सिमसार पर्यटकीय क्षेत्र विकासका लागि डिभिजन वन कार्यालय सिरहा, बृहत् जलाधार व्यवस्थापन केन्द्र कोशी उदयपुर, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, लहान नगरपालिकालगायतले आर्थिक सहयोग गरेको अध्यक्ष चौधरीले बताए। त्यस्तै बौद्धिक नेता तथा तत्कालीन सांसद स्व प्रदीप गिरीले आफ्नो संसदीय कोषबाट पार्कका लागि खानेपानी ट्याङ्की निर्माण गर्न रु १० लाख रकम विनियोजन गरेको थियो । 'तत्कालीन सांसद गिरीले गरेको आर्थिक सहयोगले बनेको यस खानेपानी ट्याङ्की उहाँले देख्न पाउनुभएन । बडो अफसोच लागिरहेको छ । उनको स्मरण यस पार्क रहँदासम्म सधैँ रहिरहने छ', उनले भने।

चाडबाड, नयाँ वर्षलगायतका अनुकूल समयमा घुमफिरका लागि ठूलो सङ्ख्यामा मानिस जान थालेपछि यस ठाउँको विकासमा स्थानीय सरकारको चासो पनि बढेर गएको छ।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले हात्तीदह सिमसार पर्यटन क्षेत्रको विकासमा उच्च प्राथमिकतादिएको बताए । उनले भने, 'यस पर्यटन क्षेत्रको भौतिक विकासका लागि, स्थानीय युवाहरूको रोजगारी सिर्जनाका लागि, आर्थिक विकासका लागि स्थानीय सरकारले भरपूर सहयोग गर्नेछ ।' नगरप्रमुख चौधरीका अनुसार राजमार्गबाट हात्तीदह सिमसारसम्मको ग्राभेल बाटोको स्तरोन्नति तथा कालोपत्र गर्नका लागि नगरबाट बजेट व्यवस्था गरी निर्माण सुरुआत भएको पनि जानकारी दिए। त्यसैगरी पार्कभित्र 'सेल्फी बृज' निर्माणका लागि रु १० लाख रकम छुट्याइएको पनि बताए।

हात्तीदह सिमसार पर्यटकीय क्षेत्रका रूपमा विस्तार भएपछि रोजगारीको सिर्जना एवं यस वरिपरि व्यापार तथा व्यवसाय पनि वृद्धि भएको छ।

आफ्नो व्यापार व्यवसायबाट मनग्गे आम्दानी भइरहेको स्थानीय व्यापारी पोषण सदायले बताए । आगामी दिनमा अझ व्यवस्थित बनाउने योजनासहित आफू लागिपरेको समितिका अध्यक्ष चौधरीले बताए । यसका लागि राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरसम्म प्रचार-प्रसार गरी हात्तीदह सिमसार पर्यटन क्षेत्रको पहिचान उच्च बनाउनुपर्ने उनको भनाइ छ।

# पत्रकारितामा परीक्षा प्रणाली लागू गरिनुपर्छ : वस्नेत

*मुलुकको पत्रकारिता क्षेत्रलाई मर्यादित तुल्याउन अभिभावकीय भूमिका निर्वाह गर्दै आएको प्रेस काउन्सिल नेपालले ५३ वर्ष पूरा गरेको छ। स्वस्थ पत्रकारिताको विकास एवं सञ्चार माध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ स्थापना भएको काउन्सिलले पत्रकारिताको क्षेत्रमा देखिएका बेथिति, विसङ्गति र दुष्प्रचारको अन्त्य गरी पत्रकारिता पेसालाई मर्यादित र जिम्मेवार बनाउन आचारसंहिताको कार्यान्वयन गर्दै आएको छ। प्रेस काउन्सिल नेपाल नेपाली मिडिया, सञ्चारकर्मी र सरकारबीचको सेतुको रुपमा रहँदै आएको छ। स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय पत्रकारिताको पक्षमा क्रियाशील रहेको छ।*

*मिडियाको नीति बनाउने सवालमा सल्लाहकारको भूमिकामा रहेर काम गरिरहेको छ। सूचना प्रविधिमा आएको परिवर्तनसँगै मिडिया क्षेत्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्ने गरी नीति, ऐन, नियम, निर्देशिका वा मापदण्डहरु निर्माण प्रक्रियामा पनि काउन्सिल क्रियाशील रहेको छ। प्रेस स्वतन्त्रताको पहरेदारको भूमिका खेलिरहेको र सरकारलाई कानुन निर्माण र अन्य नीतिगत काममा सक्रिय सहयोग गर्दै आएको छ। काउन्सिलले हालसालै पत्रपत्रिकाको पछिल्लो वर्गीकरण नतिजासमेत सार्जजनिक गरेको छ। प्रस्तुत छ, सञ्चारमाध्यमलाई अनुशासित र व्यवस्थित बनाउन तथा न्यू मिडिया र सामाजिक सञ्जालले ल्याएका चुनौतीको समाधानलगायत विषयमा काउन्सिलको भूमिकाका सन्दर्भमा अध्यक्ष बालकृष्ण बस्नेतसँग गरिएको कुराकानीको सम्पादित अंश :*



**यहाँले प्रेस काउन्सिल नेपालको अध्यक्षको जिम्मेवारी पूरा गर्नुभएको करिब दुई वर्ष भएको छ। यस अवधिलाई कसरी मूल्याक्तन गर्नुभएको छ ?**

मैले काउन्सिलको जिम्मेवारी लिइरहँदा राजनीतिक अस्थिरता र कोभिडको महामारीले समग्र देशको मिडिया क्षेत्र नराम्ररी प्रभावित बनेको अवस्था थियो। झण्डै तीन वर्षदेखि लोककल्याणकारी विज्ञापन रोकिएको अवस्था थियो। त्यसै त सङ्कटमा परिरहेका पत्रपत्रिकालाई राज्यबाट पाउने सुविधा लामोसमयदेखि रोकिदा कति समस्या झेल्नुपरिरहेको थियो होला। म आउने वित्तिकै रोकिएको वर्गीकरण प्रक्रियालाई टुङ्ग्याउनतिर लागेँ। र केही महिनाभित्रै देशभरका पत्रपत्रिकाले राहत पाए। वर्गीकरणको मापदण्डलाईसमेत वैज्ञानिक र थप पारदर्शी बनाएका छौँ।

यो बीचमा स्थानीय तहको चुनाव, प्रतिनिधिसभा र प्रदेश सभाको चुनाव सम्पन्न भए। चुनावको मिडियाको अनुगमनमा काउन्सिलको प्रभावकारी र सन्तुलित भूमिका देखियो भन्ने प्रतिक्रिया पाएका छौँ। पत्रकार तथा सञ्चारमाध्यमलाई आचारसंहिताभित्र रहेर समाचार प्रेषित गर्न, सञ्चार सङ्गठन समेतलाई सचेत र जिम्मेवार बनाउन काउन्सिल क्रियाशील रह्यो। युट्युबसहित सामाजिक सञ्जालबाट हुने गालीगलौज रोक्न विभिन्न सन्देशमूलक अभियान थालेका छौँ।

अन्यत्रबाट हुबहु सार्ने अनलाइन,, पत्रपत्रिकालाई कारबाही गर्ने, बार्गेनिङ्ग पत्रकारितालाई निरुत्साहित गर्न विभिन्न काम हुँदै आएका छन्। पत्रकारिताको आवरणमा गलत काम गर्ने पत्रकार, प्रेस पास र पहेँलो ज्याकेटको दुरुपयोग गर्नेलाई काउन्सिलले उच्च निगरानीमा राख्दै कालोसूचीमा राख्ने तह सम्मको कारबाही गर्दै आएको छ।

छापा माध्यमले भोग्नुपरेका अनेक समस्या, युट्युबसहित सामाजिक सञ्जालका समस्यालाई समाधान गर्न विभिन्न अध्ययन प्रतिवेदन तयार भएका छन्। संविधानअनुसार बन्नुपर्ने कतिपय कानुनको तर्जुमा एवं विद्यमान कानुनमा देखिएका कमजोरीको परिमार्जनका लागि सरकारलाई सुझाव दिने काम भएको छ।

**काउन्सिलमा तपाई कम उमेरमा अध्यक्षको जिम्मेवारी पाउने युवा अनुहार हुनुहुन्छ। नेपाली मिडियाको राम्रा नराम्रा पक्ष केलाउने, अनुगमन र मूल्याक्तन गर्ने जस्ता काममा यहाँको अनुभव कस्तो रहेको छ ?**

काउन्सिल जस्तो निकायमा आराम गर्न वा पेन्सन पकाउन जाने दुवै होइन। पत्रकारिता जगतको नीति निर्माण तहदेखि पत्रकारका दिनानुदिनका समस्यासँग जुध्नुपर्ने हुन्छ। प्रेस र सरकारबीचको पुलको जिम्मेवारी हुँदा दुवै पक्षसँग समन्वय गरी यो क्षेत्रको विकास र विस्तारमा लाग्नुपर्ने हुन्छ। इन्टरनेटको विविधतायुक्त प्लेटफर्म अनुसारका मिडियाले दिनहुँ नयाँ खाले अवसर, सम्भावना र चुनौती ल्याएको छ। प्रेस काउन्सिलले यी सबै पक्षलाई रचनात्मक रुपमा लिई काम गरिरहेको छ। यस्ता काममा मैले अधिकतम समय दिने गरेको छु। अग्रजहरुको सुझाव, अनुभव र युवा पुस्ताको साथ लिएर काउन्सिलले आफ्ना गतिविधि अघि बढाइरहेको छ।

**अझै पनि पत्रकार आचारसंहिताको उल्लङ्घन गर्ने क्रमलाई नियन्त्रण गर्न सकिएको छैन। यसो हुनेमा के कारण देख्नुहुन्छ ?**

आचारसंहिता भनेको स्वनियम हो, कडा कानुन बनाएर नियन्त्रण गर्ने भन्ने होइन। यसमा सञ्चार माध्यम र तिनमा काम गर्ने पत्रकार स्वयं जिम्मेवार र उत्तरदायी हुनुपर्छ। केही राम्रा र नमुना खाले सञ्चारमाध्यम पनि छन्। आचारसंहिताको चरम उल्लङ्घन गर्ने पनि छन्।

पत्रकारिताको आवरणमा गलत काम गर्ने प्रवृत्ति झाँगिएको छ। युटयुबसहित सामाजिक सञ्जाल आफूखुसी सञ्चालन हुँदा त्यसको नराम्रो प्रभाव छ। कुन सञ्चारमाध्यम हो, कुन होइन भन्ने छुट्याउनै गाह्रो हुने स्थिति छ। कसलाई पत्रकार भन्ने गाह्रो हुने अवस्था आइसक्यो। काउन्सिलले यी कुरामा केन्द्रित भई सामाजिक सञ्जालसमेतको कन्टेन्ट अनुगमन र प्रवृत्तिगत अध्ययन समेत गर्दै आएको छ।

युट्यूबर पत्रकार हुन् कि होइनन् भन्ने बहस पनि छ। कहीँ कतै दर्ता हुनु नपर्ने, समाचार के हो रु पत्रकारिताको आधारभूत मूल्य मान्यता, सिद्धान्त के हो नबुझी 'कन्टेन्ट' दिने युट्यूब पनि छन्। त्यस्ता युट्यबर पनि आफूलाई पत्रकार दाबी गर्छन्। प्रेस कार्ड भिर्छन्। पहेँलो ज्याकेट लगाउँछन्। हामीले यस्ता खाले जबर जस्तीलाई रोक्न, सञ्चारमाध्यमको परिचय दिनुपर्ने भए विधिवत् प्रक्रियामा आउन सहजीकरण गर्दै आएका छौँ। सञ्चारमाध्यमको कानुनी दायरा भित्र नसमेटिने तर जथाभागी विषयवस्तु पस्केर अराजकता फैलाउनेविरुद्ध विशेष निगरानी र कारबाहीसमेत गरिरहेका छौँ।

त्यस्ता विवादास्पद सञ्जाल, कतिपय अनलाइन सञ्चारमाध्यमले पनि आचारसंहिताको उल्लङ्घन गर्दै तथ्यहीन समाचार दिने गरेका छन्। विभिन्न खालको हिंसा भड्काउनेर सामाजिक, पारिवारिक सम्बन्धमा खलल पुऱ्याउने खालका सामग्रीले पत्रकारिताको समग्र पेसाप्रति नै हिलो छ्याप्ने काम भएको छ। प्रेस काउन्सिलले उनीहरुलाई पत्र काट्ने, क्षमायाचना वा सचेत गराउने गरेको छ।

सञ्चार माध्यम र पत्रकारले आचारसंहिता उल्लङेघन गरेमा प्रेस पास निलम्बनको सिफारिसदेखि अनलाइन बन्द गर्ने, लोककल्याणकारी विज्ञापन रोक्ने तथा कालोसूचीमा राख्नेसम्मको अभ्यास भएको छ। मिडिया साक्षरता पर्याप्त नहुँदा यस्ता समस्या देखिएका हुन्। सरकारले यस्ता काममा स्रोत साधन बढाउनुपर्ने आवश्यकता देखेको छु।

**पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रमको प्रभावकारिता कत्तिको देख्नुभएको छ ?**

अनलाइन सञ्चार माध्यमलाई जिम्मेवार र मर्यादित बनाउन हामीले पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम सुरु गरेका हौँ। पत्रकारितालाई मर्यादित बनाउन अनुगमन र कारबाहीभन्दा पनि आचारसंहिता शिक्षालाई व्यापक बनाउन आवश्यक छ। पत्रकारिताको देश र समाजप्रति विशेष सामाजिक दायित्व रहेको हुन्छ। अनलाइन मिडियालाई दर्ता हुनुअघि त्यसका सम्पादक, प्रकाशकले आचारसंहिताको अनिवार्य कक्षाको सुरुवात भएको छ। र यो प्रभावकारी समेत भएको छ। पत्रकार आचारसंहिता जागरण अभियानलाई देशव्यापी बनाइएको छ।

मिडियाबाट भएका गल्ती, कमजोरी सच्याउन र दोहोरिन नदिन विशेष निगरानी र अनुगमनमा जोड दिँदै आएको छ र युट्युब केन्द्रित विशेष जागरण कक्षासमेत सुरु गर्दैछौँ। पत्रकारितालाई मर्यादित गराउन यस्ता कार्यक्रमले सचेतना बढ्ने विश्वास गरिएको छ।

**नेपाली मिडियालाई जिम्मेवार र व्यवस्थित बनाउन प्रेस काउन्सिलले के कस्ता काम गरिरहेको छ ?**

पहिलो कुरा कानुनी रुपमा बलियो हुनु जरुरी छ। त्यसका लागि भइरहेको कानुनमा आवश्यक संशोधनको गृहकार्य भइरहेको छ। मिडियाको हित, प्रवर्द्धनका लागि आवश्यक कानुनको तयारीका लागि सरकारलाई सुझाव समेत दिँदै आइरहेका छौँ। पत्रकारको योग्यता के हुने भन्ने विषयमा ब्यापक छलफल गरी निष्कर्ष निकाल्नु पर्नेछ।

पर्याप्त अध्ययन नभएका, विषयवस्तुबारे अध्ययन र अनुभव नभएका जनशक्तिले मिडिया सञ्चालन गर्दा यो क्षेत्र बदनाम हुँदै गएको पनि छ। अब अबदेखि मिडिया क्षेत्रमा प्रवेश गर्न परीक्षा प्रणाली लागू गर्न आवश्यक छ। चिकित्सक, कानुन व्यवसायी, इञ्जिनीयरिङमा जस्तै अब पत्रकारितामा पनि तोकिएको परीक्षा पास गरी लाइसेन्स दिनुपर्छ भन्ने आवाज उठ्न थालेको छ। पत्रकार, सम्पादक हुन विद्यमान कानुन पुरावलोकन हुनुपर्छ।

हामी त्यसको अध्ययनमा समेत छौँ। जुन पृष्ठभूमि र अध्ययनबाट आए सम्पादक बन्न सक्ने, पत्रकारको कार्ड प्राप्त गर्न सक्ने 'लुपहोल' अब बन्द गर्नुपर्छ। अब मादण्ड बनाइ पत्रकार हुन परीक्षा पास गर्नुपर्ने व्यवस्थामा जानुपर्छ। प्रेस काउन्सिल त्यसको व्यवस्थापन गर्न सक्षम छ।

त्यस्तै वरिष्ठ पत्रकारको उपाधिको आधार र मापदण्ड तय गर्ने, वास्तविक पत्रकार को हुन् भन्ने पहिचान गर्न विज्ञहरु संलग्न बेग्लै कार्यदल बनिसकेको छ। सामाजिक सञ्जालमा भएका बेथितिलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्नका लागि समिति बनाइ सरकारलाई सुझावसमेत दिइसकेका छौँ।

आचारसंहितासम्बन्धी पुस्तीका विभिन्न मातृभाषामा प्रकासित गरेका छौँ। पत्रकार महिलालाई पेसामा टिकाइरहन र नयाँ पुस्तालाई आकर्षित गर्न अभिमुखीकरण तालिममा जोड दिएका छौँ। प्रदेशस्तरका मिडिया विरोधी कानुन सच्याउन, आम सञ्चारसम्बन्धी सङ्घीय सरकारले ल्याउने विधेयकलाई मिडियामैत्री बनाउन काउन्सिलले विभिन्न रचनात्मक सुझाव दिएको छ। छापाखाना र प्रेसको इतिहासका लागि प्रेस सङ्ग्रहालय बनाउनेदेखि अनुसन्धानमूलक पुस्तकको तयारी, मिडियाको अङ्ग्रेजी भाषामा वर्ष पुस्तकको सुरुवात भएको छ।

त्यसैगरी मिडियामा आएका विषयमा चित्त नबुझी काउन्सिल आउने पक्षको सुनुवाइका लागि बेग्लै इजलास कक्षको तयारी भइरहेको छ। विश्व प्रेस काउन्सिलको केन्यामा भएको सम्मेलनमा अनलाइन र पत्रकारले चलाउने सामाजिक सञ्जाललाई मर्यादित बनाउन साझा खालको आचासंहिता बनाउन नेपालको तर्फबाट प्रस्ताव राखिएको छ। त्यसबारे अरु देशमा समेत बहस भइरहेको छ। पत्रकारितामा संलग्न रहेका महिला पत्रकारलाई टिकाइराख्न उच्चस्तरको र नयाँलाई आकर्षित गराउन आधारभूत तालिम दिन सुरु गरेका छौँ।

प्रदेश र जिल्लाका सरकारी विज्ञापन सोही क्षेत्रका सञ्चारमाध्यमलाई दिलाउन कानुनी परिमार्जन गर्न पहल गरिरहेका छौँ।

**न्यू मिडियालाई व्यवस्थित गर्नेतर्फ काउन्सिलका प्रयासलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ?**

सूचना र सञ्चार प्रविधिमा आएको द्रूत विकासको परिणाम जन्मिएको न्यु मिडियालाई अवसरको रुपमा लिनुपर्छ। यसको सदुपयोग गरी रचनात्मक हिसाबले विषयवस्तु दिन सक्यौँ भने यसले आम जनतालाई नै लाभ पुग्दछ भने देशको समृद्धिमा सहयोग पुग्छ। न्यू मिडिया र सोसियल मिडियालाई रचनात्मक बनाउन, मर्यादित र व्यवस्थित तुल्याउन जरुरी भइसकेको छ। न्यु मिडियाले ल्याएका विश्वव्यापी चुनौतीलाई सम्बोधन गर्नुपर्ने छ।

युट्यूब फेसबुब, टिकटकजस्ता सामाजिक सञ्जालको दुरुपयोग गरी सामग्री दिँदा जनमानसमा अनेक भ्रमण फैलिने गरेको छ।

युट्यूब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको मर्म र आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल नगरी एकपक्षीय सामग्री प्रस्तुत गरेको पाइन्छ।

सामाजिक सञ्जालका अधिकांश प्रयोगकर्ताले सामाजिक उत्तरदायित्वको मर्मलाई समेत ख्याल गरेको पाइँदैन। त्यसैले सञ्चार माध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तासमेत सजग भएर जिम्मेवारपूर्ण ढंगबाट समग्री दिनुपर्ने आवश्यकता छ। राज्यले न्यु मिडियालाई सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट नीति लिनुपर्ने देखिन्छ। काउन्सिलले न्यु मिडियाका विभिन्न प्लेटफर्महरुलाई सूचीकृत हुन आग्रह गरेको छ। नयाँ मिडियालाई बहिस्कार गर्नेभन्दा पनि परिस्कृत गराउन आवश्यक छ।

**पत्रपत्रिकाको वर्गीकरणको विषयलाई लिएर कहिलेकाहीँ गुनासा आउने गरेका छन्। वर्गीकरणको प्रक्रियालाई कसरी पारदर्शी र व्यवस्थित गर्न सकिएला ?**

पत्रपत्रिकाको वर्गीकरणको प्रक्रियालाई बढी वैज्ञानिक र पारदर्शी बनाउन मापदण्ड फराकिलो बनाएका छौँ। अबको पत्रकारितामा वितरणलाई मात्र आधार नमानी त्यसमा सम्प्रेषित विषयवस्तुको गुणस्तरियता र डिजिटल मार्केटिङ कस्तो छ भन्ने कुरालाई पनि हेर्ने गरिएको छ। आज विश्वव्यापी रुपमै पत्रपत्रिकाको विक्री वितरण घट्दो अवस्थामा छ। पत्रपत्रिकाले आफ्नो विक्री वितरणको बारेमा दाबी गरेजस्तो छ छैन भने स्थलगत अनुगमन गर्ने, सर्वसाधारणको प्रतिक्रिया बुझ्नेदेखि अन्य सञ्चार माध्यमको समाचार वा अन्य सामग्री हुबहु साभार गरेको छ छैन भन्ने हेर्ने गरेका छौँ। अहिले पनि राससका समाचार, फोटो, लेख, आलेखहरु पनि स्रोत उल्लेख नगरी हुबहु आफ्नो मिडियामा प्रकशन भएका छन्। त्यस्ता मिडियालाई कारवाहीको दायरामा ल्याइरहेका छौं।

त्यस्तै साना लगानीका मिडिया र स्वरोजगारमूलक मिडियालाई पनि फरक ढंगबाट हेरिनु पर्ने हुन्छ। शहरबाट प्रकाशित पत्रपत्रिका र विकट जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको आकार, कलर र विषयवस्तुहरुलाई एकै आँखाबाट हेरिनु हुँदैन। कर्णाली, सुदूरपश्चिमलगायत देशका दुर्गम जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाले अनेक समस्यासँग जुध्नुपर्ने हुन्छ। वर्गीकरण गर्दा यस पक्षलाई मसिनो गरी केलाउन थालेका छौं। हालै आव २०७७/७८ को ६६८ पत्रपत्रिकाको वर्गीकरणको नतिजा सार्वजनिक गरिएको छ भने एक महिनाभित्र आव २०७८/७९ को नतिजा पनि सार्वजनिक गर्नेछौँ।

**रेडियो, टेलिभिजन र अनलाइन मिडियालाई पनि वर्गीकरण गर्ने कुरा के हुँदैछ नि रु तीनको अनुगमन कसरी भइरहेको छ ?**

पछिल्ला केही वर्षयता अनलाइन मिडियामा बाढी नै आएको छ।

दर्ता भएका अनलाइनको स¤ख्या चार हजार पुग्न लागिसकेको छ। काउन्सिलमा रेडियो, टिभी, पत्रपत्रिका र अनलाइन सञ्चारमाध्यमको बेग्लाबेग्लै अभिलेखीकरण छ। तिनको सिस्टम अझै बलियो र प्रभावकारी बनाउनुपर्ने खाँचो छ। तिनलाई निगरानी गर्न बेग्लै डेक्स छन्। त्यहीँबाट नियमित अनुगभन र कारबाही भइरहेकै हुन्छ।

जहाँसम्म वर्गीकरणको कुरा छ, हामीले अब पत्रपत्रिका मात्रै होइन अनलाइनलाई समेत व्यवस्थित बनाइ वर्गीकरण गर्न आन्तरिक काममा जुटेका छौँ। त्यसका लागि मापदण्ड बन्दैछ। अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापनस्वरुप सहुलियत दिन सरकारलाई लेखी पठाइसकेका छौँ।

## प्रादेशिक अस्पतालका...

भने निजी अस्पतालमा समेत काम गरिरहेका छन्। अस्पतालका निर्देशक डा. प्रमोद यादवले अस्पताल मेनगेटअगाडि क्लिनिक सञ्चालन गरेका छन्। प्रादेशिक अस्पतालमा उपचारका लागि दैनिक हजारौँको संख्यामा बिरामीको भिड लाग्ने गरेको छ। प्रदेशका आठवटै जिल्ला तथा सीमापारी भारतबाट समेत बिरामी उपचारका लागि आउने गर्छन्। अस्पतालमा बिरामीको भिड लागे पनि चिकित्सक भेटिँदैनन्। उनीहरु सरकारी तलब खाएर निजी क्लिनिक र अस्पतालमा सेवा दिइरहेका हुन्छन्।

जनकपुरधामका विनोद यादवले भने, 'प्रादेशिक अस्पताल जनकपुरलाई प्रदेशकै नमूना अस्पताल बनाउनुपर्ने हो। तर यहाँ कार्यरत सबै चिकित्सक र प्रदेश सरकारले भूमिका निर्वाह गर्नुपर्छ। चिकित्सकले अस्पतालमा ड्यूटी नगरेका कारण बिरामी निजी क्लिनिकमा जान बाध्य छन्।'

यस्तै, जनकपुरधामका ४ का रामकृपाल मुखियाले उपचारका लागि अस्पतालमा चेकजाँच गराउन पुर्जी कटाएर दुई दिन फिर्ता जानु परेको दुखेसो सुनाए। उनले भने, 'पूर्जी कटाएर डाक्टर साहब छैनन् भनेर दुई दिन फिर्ता गरिदियो, पछि ती डाक्टर कहाँ नै निजी क्लिनिकमा उपचार गराउन गएँ।

अस्पतालका निर्देशक यादव मात्र होइनन् डा. रश्मी प्रसाद यादव, डा. रामदेव चौधरी, डा.मनिष पाण्डे, डा. सिद्धिदात्री झा, डा. जामुन प्रसाद सिंह, डा. अमिय कुमार साह, डा. राजकिशोर पण्डित, डा. जयकिशोर पण्डित, डा. जितेन्द्र प्रसाद जयसवाल, डा. संजितकुमार झा, डा. इन्द्रजीत रजक, डा. वृजमोहन रजक, डा. अजयकुमार यादव, डा. कृष्णकुमार यादव, डा. सुधिर यादव डा. दिग्विजय ठाकुर सहित दुई दर्जनभन्दा बढी अस्पतालमा कार्यरत




चिकित्सक तथा पदाधिकारीले अस्पतालको ५ सय मिटर दूरीभित्रै निजी क्लिनिक सञ्चालन गरिरहेका छन्। डा. अमिय कुमार साह र डा. रामदेव चौधरी विभागीय प्रमुख नै हुन्। निर्देशक डा. प्रमोद यादव बालरोग विभाग प्रमुख हुन्, साह कान, नाक तथा घाँटी रोग विभागमा प्रमुख हुन् भने डा. वरिष्ठ फिजिसियन एवम् पेट, कलेजो तथा मधुमेह रोग विभाग प्रमुख हुन्। डा.मनिष पाण्डे वरिष्ठ कन्सल्टेन्ट फिजिसियन हुन्।

सरकारी नियमअनुसार बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म कार्यालय समय हो। तर प्रादेशिक अस्पताल जनकपुरका चिकित्सकमध्ये धेरैजसो कार्यालयसमयमा पनि क्लिनिकमा व्यस्त हुने गरेका छन्। विभागीय प्रमुख र अन्य चिकित्सकले कति घन्टा अस्पतालमा समय बिताउँछन् भन्ने उनीहरूको ड्यूटी आउने र जाने हाजिरीबाट थाहा हुन्छ।

मुख्यमन्त्री सरोजकुमार यादवले अस्पतालमा दुई पटक छड्के गर्दा निर्देशक डा. प्रमोद यादव अस्पतालमा अनुपस्थित भेटिएपछि मुख्यमन्त्री यादवले कारवाहीस्वरुप उनलाई जिम्मेवारीमुक्त गरी सामाजिक विकास मन्त्रालयमा तानेका थिए। तर प्रतिष्ठानको ऐनमा प्रदेश सरकारले अस्पतालमा कार्यरत चिकित्सक वा पदाधिकारीलाई कारवाही गर्ने सम्बन्ध व्यवस्था नरहेको फाइदा उठाउँदै डा. यादवले उच्च अदालतबाट उन्मुक्ति पाई पुनःस्थापित भएका छन्।

प्रतिष्ठानका उपकुलपति डा.रामकेवल साहले ठोस नीति नभएकै कारण समस्या भइरहेको बताए। डा.साहले भने, 'अस्पतालमा कार्यरत चिकित्सक अस्पतालभन्दा निजी क्लिनिकमा समय दिनु नै समस्या बनिरहेको छ।' उनले थपे, 'चिकित्सकहरूको तलब यति कम छ कि काम गर्नुस् भनेर भन्न पनि हामीलाई गाह्रो हुन्छ। तर, यो समस्या समाधान गर्न चिकित्सकको तलब परिमार्जन गर्दै तिनीहरुलाई अस्पतालमै बस्ने वातावरण निर्माण कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिरहेका छौँ।'

ऐनमा भएको कमी कमजोरीबारे सामाजिक विकास मन्त्री सुरिता साहले भनिन्, 'ऐनमा भएको कमीकमजोरीको प्रादेशिक अस्पतालका चिकित्सक तथा पदाधिकारीले फाइदा उठाइरहेका कुरा हामीले महसुस गरेका छौँ। छिट्टै प्रतिष्ठानका पदाधिकारीहरुसँग छलफल गर्नेछौँ।'

ऐनमा छुट भएका वा भएका कमकमीजोरीलाई पूर्ति गर्न संघीय स्वास्थ्य ऐन र नियमावली अध्ययन गरेर विषेशज्ञसँग छलफल गरेर संशोधनमा जाने उनको भनाइ छ।

## एप्समार्फत ठगी...

मार्फत पक्राउ परेकाहरुले १ हजार ९१ जनालाई ४ हजार ५ सयको दरले ४९ लाख ९ हजार ५ सय बराबरको ठगी गरेको अनुसन्धानमा खुल्न आएको एसपी खड्काले बताए।

उनका अनुसार यो नेटवर्किङ्ग कारोबारमा लागेकाहरुले प्रतिवर्किंग र ननवर्किंग गरी दुईवटा सदस्य बनाउने गर्थ्यो।

सदस्य बन्न प्रति व्यक्ति ३० डलर लिने र सो वापत वर्किङ्गमा जुड्नेलाई ५० प्रतिशत कमीशन फिर्ता र एक प्रतिशत रकम प्रति सदस्य बनाए वापत पाउने र ननवर्किङ्गमा जुडनेलाई ३ वर्षमा २ लाख १४ हजार नेपाली रुपैयाँ दिइने भनी कारोबार गर्दै अनुसन्धानमा देखिएको एसपी खड्काले बताए।

पक्राउ परेका मध्ये जनकपुरधाम १२ का जिलानी साफीले मात्रै करिब ५ लाख रुपैयाँ सो कारोबार मार्फत कमाएको प्रारम्भिक अनुसन्धानमा देखिएको एसपी खड्का भने। उनले भने यी अनलाइन ठगी करोबारमा यिनीहरुको सञ्जाल नै सक्रिय छन्, धनुषा बाहेक देशभरि यिनीहरुको सञ्जालले काम गरिरहेको अझै व्यक्तिहरुको खोजी कार्य जारी रहेको छ।

एप्समा डलर चाहिएकोमा नेपाली व्यक्ति कसरी संलग्न सदस्य बन्न सक्ने भन्ने प्रश्नमा एसपी खड्काले टलवीन लाइफ एप्समा अमेरिकी डलर चाहिएपनि ती एपकै फिनान्समा रहेको बिनान एप्लिकेसनको माध्यमबाट नेपाली रुपैयाँ अमेरिकी डलर कन्भर्ट गरी सदस्य बनाउने हुने गरेको थियो। पक्राउ परेकाहरुको साथबाट प्रहरीले टलवीन लाइफ एप्स भएको ६ थान र फिचर फोन भएको एक थान मोबाइल र नगद २९ हजार ५७६ रुपैयाँ बरामद गरिएको जानकारी समेत उनले दिए। पक्राउ परेकाहरुलाई ठगी मुद्दामा म्याद थप गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको धनुषा प्रहरीले जनाएको छ।

## चितवनमा ६२ र ...

निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए। शान्त र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न एक हजार तीन सय ६८ जना कर्मचारी परिचालन गरिएको थियो। तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा ५ वटा पालिकाका ४२ वडामा मतदान भएको थियो।

# जैविक विविधता संरक्षणमा राष्ट्रसंघ महासचिवको विशेष आग्रह

**संयुक्त राष्ट्रसंघ ।** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले शनिबार अन्तरराष्ट्रिय समुदायलाई गहिरो, छिटो उत्सर्जन कटौतीको साथ जलवायु कार्यलाई तीव्रता दिन आह्वान गरेका छन् ।

'विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न हामीलाई गहिरो, छिटो उत्सर्जन कटौतीको साथ द्रुत जलवायु कार्य आवश्यक छ,' महासचिवले अन्तरराष्ट्रिय मातृ पृथ्वी दिवसका सन्दर्भमा आयोजित सन्देशमा उल्लेख गरेका छन् । 'हाम्रा कार्यहरूले जङ्गल, खेतबारी, सिमसार क्षेत्र, महासागर, चट्टान, नदी, समुद्र र तालहरू बर्बाद गर्दैछन् ' संयुक्त राष्ट्रसंघ प्रमुखले सबै देशहरूलाई मानवताको सबैभन्दा महत्त्वपूर्ण सम्बन्धमा चिन्तन गर्न आग्रह गर्दै हाम्रो प्राकृतिक संसार र भौतिक संसारका बीच तालमेल



हुनुपर्ने कुरामा जोड दिएका छन् । उनले जैवविविधताकको संरक्षणमा जोड दिदै हावा, पानी, माटो लगायत सबै प्राकृतिक वस्तुहरूको संरक्षणमा ध्यान दिन विशेष आग्रह गरेका छन् । 'प्राकृतिक र जैविक विविधता नष्ट हुँदै छ, लाखौं, जीव र प्रजातिहरू विलोप हुने सङ्घारमा छन् त्यसैले यसको संरक्षणमा विशेष कार्ययोजनाको आवश्यकता माथि महासचिवले सबै सरोकारवालाको ध्यानाकर्षण गराएका छन् । महासचिवले अन्तरराष्ट्रिय समुदायसँग उपकरण, ज्ञान र समाधानहरू भएको तर त्यसको व्यावहारिक प्रयोगमा तीव्रता दिनुपर्ने उनको धारणा छ । महासागर र नदीदेखि जङ्गल र चरासम्म स्वस्थ पर्यावरण पनि जलवायु परिवर्तन विरुद्धको लडाइमा महत्वपूर्ण रहेको गुटेरेसले उल्लेख गरेका छन् ।

'सन् २०३० सम्ममा पृथ्वीको ३० प्रतिशत जमिन र पानी सुरक्षित हुने सुनिश्चित गर्न ऐतिहासिक संयुक्त राष्ट्रसंघ जैविक विविधता सम्झौता कार्यान्वयन गर्नका निम्ति कार्य गरौं,' उनले भने । महासविवले सरकारहरूलाई 'हरेक पाइलामा' बाटोको नेतृत्व गर्न आग्रह गर्दै त्यसमा संस्था र नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । गुटेरेसले 'समयानुकूल बुद्धि, ज्ञान र आदिवासी जनजातिहरूको नेतृत्वबाट केहीकुरा सिक्न आग्रह गरेका छन् । 'यस पृथ्वी दिवसका सन्दर्भमा म सबै ठाउँका मानिसहरूलाई आ-आफ्नो ठाउँबाट शान्त र समृद्ध विश्व निर्माण गर्न आवाज उठाउँन आग्रह गर्दछु ।' महासचिवले भने ।

# ओमनले मलेसियालाई हरायो



**काठमाडौं ।** एसिसी प्रिमियर कप एक दिवसीय क्रिकेट प्रतियोगितामा ओमनले मलेसियालाई आठ विकेटले पराजित गरेको छ ।

मुलपानी क्रिकेट मैदानमा आइतवार भएको खेलमा मलेसियाले दिएको दुई सय २८ रनको विजयी लक्ष्य पच्छ्याएको ओमनले ४१ दशमलव चार ओभरमा दुई विकेट गुमाउदै पूरा गऱ्यो ।

ओमनका लागि जितेन्दर सिहंले सर्वाधिक एक सय एक रनको योगदान दिए ।

उनले एक सय ११ बलमा १३ चौका र एक छक्काको मद्दतमा अविजित उक सय एक रनको योगदान गरेका हुन । त्यस्तै कस्यप प्रजापतिले ६६ रन जोडे भने जिसन मक्सुदले ५२ रन बनाए । बलिङतर्फ मलेसियाका मुहम्मद अमिरले दुई विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसियाले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर दुई सय २७ रन बनाएको थियो ।

मलेसियाका लागि विरनदीप सिंहले सर्वाधिक ९४ रनको योगदान दिएका थिए भने मुहम्मद स्याहदातले ५५ रन बनाए । बलिङतर्फ ओमनका जिसन मक्सुदले चार विकेट लिए भने आयन खान र विलल खानले समान दुई/दुई विकेट लिए ।

# लुला युक्रेन संकटको शान्तिपूर्ण समाधानको वकालत गर्दै

**लिस्बन ।** पोर्चुगलको आफ्नो भ्रमणका क्रममा ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले युक्रेनमा जारी द्वन्द्वको लागि शान्ति स्थापना गर्न "तेस्रो बाटो रोज्नु" आवश्यक रहेको शनिबार बताएका छन् ।

'म कसैलाई खुसी पार्न चाहन्न। म दुई (रूस र युक्रेन) लाई वार्ता निम्ति टेबलमा ल्याउने बाटो बनाउन चाहन्छु,' लुलाले भने । राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पोर्चुगल-ब्राजिल शिखर वार्ताको मुद्दा लिएर पहिलो पटक युरोप भ्रमणमा निस्कनु भएका राष्ट्रपति लुलाले शुक्रबार लिस्बन पुगेर सो टिप्पणी गरेका हुन ।

यी दुई देशले शिक्षा, न्याय, स्वास्थ्य जस्ता क्षेत्रहरूलाई समेट्दै विभिन्न १३ विषयमा द्विपक्षीय सहयोग सम्झौतामा हस्ताक्षर गरेका छन् ।

संयुक्त घोषणामा, लुला र उनका पोर्तुगाली समकक्ष मार्सेलो रेबेलो डे सुसाले अन्तरराष्ट्रिय कानून, संयुक्त राष्ट्रसंघ बडापत्र र द्वन्द्वको शान्तिपूर्ण समाधानप्रति आफ्नो प्रतिबद्धतालाई जोड दिएका छन् । उक्त घोषणामा पोर्चुगल र ब्राजिलले टर्किए र संयुक्त राष्ट्रसंघद्वारा मध्यस्थता गरिएको ब्ल्याक सी ग्रेन इनिसिएटिभलाई समर्थन गर्ने र जुलाई २०२२ मा रूस र युक्रेनले अनाज र मल निर्यातको लागि समुद्री मानवीय कोरिडोर स्थापना गर्न हस्ताक्षर गरेको विषय समेटिएका छन् ।



# खालिस्तान समर्थक नेता अमृतपाल सिंह पक्राउ

**बेइजिङ ।** खालिस्तान समर्थक नेता अमृतपाल सिंहलाई पक्राउ गरिएको छ । उनलाई पञ्जाबको मोगाबाट आइतवार बिहान पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनी गत मार्च १८ देखि फरार थिए । पञ्जाब प्रहरीले सोही दिनदेखि उनी र उनको सङ्गठन 'वारिस पञ्जाब दे' विरुद्ध कारबाही शुरु गरेको थियो ।




अमृतपाल सिंहलाई राष्ट्रिय सुरक्षा ऐन (एनएसए)अन्तर्गत पक्राउ गरिएको हो । सिंह र उनका सहयोगीहरूमाथि वर्ग विभेद फैलाएको, ज्यान मार्ने प्रयास गरेको, प्रहरीमाथि हमला, सरकारी कर्मचारीका कानुनी काममा बाधा पुऱ्याएको अभियोगमा फौजदारी मुद्दा चालाइएको थियो ।

गत मार्च २८ मा अमृतपाल र उनका सहयोगीहरू पञ्जाबकै होसियारपुरमा रहेको गोप्य जानकारी पाएपछि प्रहरीले खोजी अभियानलाई तीव्र पारेको थियो । पञ्जाब प्रहरीले राज्यका बासिन्दालाई शान्ति सुव्यवस्था र सद्भाव कायम राख्न अपिल गर्दै भ्रामक समाचार नफैलाउन आग्रह गरेको छ। प्रहरी कारबाहीसम्बन्धी विवरणहरू क्रमशः सार्वजनिक गरिने पञ्जाब प्रहरीले सामाजिक सञ्जालमार्फत जनाएको छ ।

गुप्तचर निकायहरूका अनुसार अमृतपाल सिंहले पाकिस्तानी गुप्तचर निकाय इन्टर सर्भिसेस इन्टेलिजेन्समार्फत हतियार ल्याएर पञ्जाबलाई साम्प्रदायिक आधारमा विभाजन गर्न खोजेका छन् । उनले युवावर्गलाई बन्दुक संस्कृतितर्फ डोऱ्याएको आरोप छ ।

# हिंसामा दश सर्वसाधारण र तीन सैनिक मारिए



**बामाको ।** गणतन्त्र मालीमा फेरि हिंसा चर्किएको छ । शनिबार देशका विभिन्न भागमा भएका झडपमा १० जना सर्वसाधारण र नी जना सैनिक जवानको मृत्यु भएको छ । सुरक्षा फौजले ८८ जना जिहादीलाई नियन्त्रणमा लिएको छ । अतिवादी समूहले शनिबार मध्य मोप्ती क्षेत्रको सेभेरे विमानस्थल क्षेत्रमा कारबम विष्फोट गराउँदा १० जना सर्वसाधारणले ज्यान गुमाएका तथा ६१ जना घाइते भएका सरकारले एक विज्ञप्ति निकालेर बताएको छ । विष्फोटबाट विमानस्थल वरपरका केही घरहरू ध्वस्त भएका छन् । बहादुरीपूर्वक विद्रोहीको सामना गरेका सुरक्षा फौजका जवानले आक्रमणकारीलाई परास्त गरेका विज्ञप्तिमा उल्लेख छ। सन् २०१२ मा देशको उत्तरी भागमा जिहादी पृथकतावादी विद्राह शुरु भएपछि मालीको शान्तिसुरक्षामा सङ्कट उत्पन्न भएको छ । सन् २०२० को अगष्टदेखि राजनीतिक व्यक्तिहरूको परिषद्ले सत्ता सम्हालेको छ । फ्रान्स र अन्य पश्चिमा साझेदारसँगको सहयोगमा जिहादीविरुद्ध सङ्घर्षरत माली ती साझेदारसँगको लामो समयदेखिको सम्बन्ध तोडेर सैन्य र राजनीतिक रुपमा रुसतर्फ मोडिएको छ।

# दोस्रो विश्वयुद्धको जहाज ८० वर्षपछि फेला



**वाशिङ्टन ।** दोस्रो विश्वयुद्धमा प्रयोग भएको जापानी जहाज ८० वर्षपछि परेको छ। भ्वाइस अफ अमेरिकाले उल्लेख गरेअनुसार उक्त जापानी पानी जहाजमा एक हजारभन्दा बढी यात्रु सवार रहेको बताइएको छ।

सन् १९४२ मा पपुवा न्युगिनीमा ८५० जना युद्धबन्दी र करिब २०० नागरिक बोकेको जापानी जहाज मोन्टेभिडियो मारुको भग्नावशेषमा जापानीले पपुवा न्युगिनीमा कब्जा गरेका थिए। जहाजमा को को थिए भन्ने थाहा नभएपछि जहाजलाई पानीमै डुबाइएको थियो ।

जहाजको भग्नावशेष यसै साताको शुरुमा फिलिपिन्सको दक्षिणी चीन सागरमा भेटिएको थियो । यो मिसन अष्ट्रेलियाको रक्षा मन्त्रालय, अष्ट्रेलियाको साइलेन्टवर्ल्ड फाउन्डेसनका समुद्री पुरातत्वविद् र डच गहिरो समुद्री सर्वेक्षण कम्पनी फुग्रोका विज्ञको संयुक्त प्रयासमा अघि बढाइएको थियो । त्यसपछि यसै महिनाको शुरुमा फिलिपिन्सको तटमा खोजी अभियान शुरु गरिएको थियो । अष्ट्रेलियाको रक्षा मन्त्रालयको सहयोगमा समुद्री पुरातत्व र इतिहास तथा फुग्रोलाई समर्पित साइलेन्टवर्ल्ड फाउन्डेशनले सँगै राखेको मिसनमा भग्नावशेष पत्ता लगाइएको थियो ।

मोन्टेभिडियो मारुबाट कुनै वस्तु वा मानव अवशेष नहटाइने बताइएको छ । नयाँ खोजमा प्रतिक्रिया दिँदै अस्ट्रेलियाका उपप्रधानमन्त्री रिचर्ड मार्ल्सले ट्वीटमा उल्लेख गरेका छन् - '८० वर्षभन्दा बढी समयदेखि, सयौं अष्ट्रेलियाली परिवारले मोन्टेभिडियो मारुको समाचारको लागि पर्खिरहेका छन् । यो हप्ता एक असाधारण खोज प्रयासको लागि सम्बद्ध सबैलाई धन्यवाद, जहाजको अन्तिम विश्राम स्थान पत्ता लगाइएको छ ।'

# खार्तुमबाट सबै अमेरिकी कूटनीतिज्ञ बाहिरिए

**वासिङ्टन ।** अमेरिकी सेनाले सुडानको खार्तुमबाट अमेरिकी कूटनीतिज्ञ र उनीहरूका परिवारलाई उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याएको छ । गत शनिबारदेखि त्यहाँ युद्ध भड्किएपछि आ-आफ्नै निवासमा उद्धारको प्रतीक्षामा बसेका कूटनीतिज्ञ र तिनका परिवारलाई आज त्यहाँबाट निकालिएको हो ।

अमेरिकी सेनाले आफ्नो आदेशमा सबै सरकारी कर्मचारीलाई खार्तुमबाट निकालेर सुरक्षित स्थानमा पुऱ्याएका राष्ट्रपति जो बाइडेनले बताउनुभएको छ। उहाँले उद्धारमा अमेरिकी सेनालाई सघाएकामा जिबुटी, साउदी अरब र इथियोपियाप्रति आभार व्यक्त गर्नुभएको छ । उहाँले आफ्ना कर्मचारी र सैनिकको प्रशंसा पनि गर्नुभएको छ।

अमेरिकी अधिकारीहरूका अनुसार करिब एक सय अमेरिकी सेनाको फौजले केही क्षणमै झण्डै एक सय जना कूटनीतक कर्मचारी तिनका परिवारजनलाई हेकिप्टर प्रयोग गरेर दूतावास भवनबाट बाहिर निकालेको थियो । तीनवटा चिनुक हेलिकप्टर अमेरिकी सेनाका अधिकारी जिबुटी, इथियोपिया हुँदै सुडान पुगेका थिए ।

अहिले खार्तुमस्थित अमेरिकी दूतावास बन्द छ । अमेरिकी विदेश मन्त्रालयले सुडानमा रहेका आफ्ना नागरिकलाई असुरक्षाका कारण कन्सुलर सेवा प्रदान गर्न नसकिने बताएको छ । उनीहरूलाई सुरक्षित रुपमा त्यहाँबाट निकाल्न पनि कठिन भएको जनाइएको छ।

शनिबार खार्तुमबाट करिब एक सय ५० जनालाई उद्धार गरिएको थियो । कूटनीतिज्ञ र अन्तरराष्ट्रिय निकायमा कार्यरत कर्मचारीलाई उद्धार गरिएको हो । उद्धार गरिएकामा खाडी मुलुक, इजिप्ट, पाकिस्तान र क्यानाडका नागरिक छन् ।

सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल ऱ्यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा चार सय जनाले ज्यान गुमाएका छन्भने करिब चार हजार जना घाइते भएका छन् ।

सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको आर एसएफबीचको जारी द्वन्द्वले देशलाई गम्भीर अराजकतातर्फ धकेलेको छ । भीषण युद्धका कारण अस्पतालहरू क्षतिग्रस्त भएका छन्भने सहायताका काममा अवरोध उत्पन्न भएको छ । अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो । सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।

# आरतीलाई पतिले नै हत्या गरेको आरोप !



शोकमग्न आरतीको परिवार

**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
महोत्तरीको गौशालामा विष सेवनबाट मृत्यु भएकी आरती देवीलाई आफ्नै पतिले हत्या गरेको आरोप माइती पक्षले लगाएको छ । माइती पक्षले हत्याको आशंकामा उजुरी दिएपछि प्रहरीले मृतकका पति उमेश साहलाई पक्राउ गरेको छ । मल्हनिया पोखरी बस्ने उमेशले आत्महत्या दुरुत्साहन गरेको भन्दै परिवारले उजुरी दिएको हो ।

'अनुहार राम्रो भएन भन्दै मेरी छोरीलाई ज्वाइँले दैनिक कुटपिट गरिरहन्थे । सबै मिलेर छोरीको हत्या गरेको आशंका हामीलाई छ,' मृतकका बुवा वली साहले भने । केही दिनअघि आफू छोरीको घरमा पुगेको बेला मेरै अगाडि ज्वाइलैँ छोरीलाई कुटपिट गरेको थिए ।' स्थानीयका उनीहरूबीच लामो समयदेखि झगडा हुँदै आएको थियो । झगडा मिलाइदिन र यातनाबाट मुक्त गरिदिन कयौँ पटक गाउँ समाजलाई अनुरोध पनि गरेकी थिइन् । गाउँ समाजका मान्छेले भनेका कुरा उमेशले नमान्ने गरेको, मानेपछि केही दिनपछि फेरी झै झगडा गर्ने गर्थ्यो । गत मंसिरमा बहिनीको विवाहमा जनकपुरधाम आएकी आरती लामो समयसम्म माइतमै छोडेका थिए ।

माइतबाट फर्किएपछि फेरि पति उमेशले यातना दिएको माइत पक्षको भनाइ छ । मृतकका भाइ गोविन्द साहका अनुसार दिदीकी सासू र नन्दले पनि उनलाइ यातना दिने गरेका थिए । घटना भएको २ दिनअघि आरतीकी नन्द आशाकुमारी साह घरबाट आएकी थिइन् । उनी आएकै समयमा विष खुवाएर आफ्नी बहिनीको हत्या गरेको गोविन्दको आरोप छ । मृतक आरतीको शव बर्दिबासस्थित इलाका प्रहरीले मुचुल्का गरेको छ । गौशाला इलाका प्रहरी कार्यालयले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ । मृतकका जेठाजु विनोद साहले घर झगडा भएपनि माइती पक्षले आरोप लगाएजस्तो नभएको बताएका छन् ।

विष सेवनपछि आरतीलाई उनकै पतिले अस्पतालसम्म पुऱ्याएका थिए । चिकित्सकहरूका अनुसार उनले मुसा मार्ने विष सेवन गरेकी थिइन् । बर्दिबासस्थित ट्रमा सेन्टरमा उपचारका क्रममा नै उनको मृत्यु भएको थियो । मृतक आरतीका ९ वर्षीय छोरा र ३ वर्षीया छोरी छन् ।

# कहाँ पुग्ला मिर्चैया आन्दोलन ?

## मधेशदृष्टि संवार्ता

मधेश प्रदेशको सिरहा जिल्ला भौगोलिक हिसाबले पूर्वमा सप्तरी, उत्तरीमा कोशी प्रदेशको उदयपुर, पश्चिममा धनुषा र दक्षिणमा भारतको बिहार राज्यको मधुवनीसँग जोडिएको छ । राजनीतिक रुपमा पनि सधैँ परिवर्तनको पक्षमा रहेको सिरहाले २०३५ को बहुदल र निर्दलको निर्वाचनमा देशमै सबैभन्दा धेरै बहुदलका पक्षमा मतदान गरेको थियो ।

अधिकारको आन्दोलनलाई सम्झिने हो भने पनि यहाँ सिनो बहिस्कार आन्दोलन जसले अन्तर्राष्ट्रिय रुप लियो, त्यसको सुरुवात सिरहाको लहानबाटै भएको हो । संघीयताको पक्षमा सुरु भएको मधेश आन्दोलन पनि सिरहाबाटै सुरु भएको थियो । यी सबै फेहरिस्तले सिरहा सधैँ सकारात्मक परिवर्तनका पक्षमा देशभर परिचित छ । संघीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न सिरहाको महत्वपूर्ण योगदान छ । आन्दोलनले देश संघीयतामा गयो तर पछिल्लो समय संघीयताको सही कार्यान्वयन नहुँदा देशले संकट झेलिरहेको छ ।

सुशासनको अभाव, जनताप्रति जनप्रतिनिधि उत्तरदायी नहुनु र कर्मचारीमा देखिएको कमाउधन्दाले छोटो समयमै संघीयता बदनाम भइरहेको छ । यी सब समस्याबाट मिर्चैया नगरपालिका पनि अछुतो छैन । मिर्चैया नगरपालिका मधेश प्रदेश अन्तर्गत सिरहाको सुगम क्षेत्र हो । पूर्वमा गोलबजार नगरपालिका, पश्चिममा कर्जन्हा नगरपालिका, उत्तरमा कटारी नगरपालिका र दक्षिणमा कल्याणपुर नगरपलिका छ । तत्कालीन साबिकका रामपुर बिर्ता, मल्हनियाखोरी, राघोपुर, रामनगर, फुलबरिया, ग. महेशपुर र सीतापुरसहित ७ गाविस गाभिएर २०७१ साल वैशाख २५ गते गठन भएको नगरपालिकाको जनसंख्या ६० हजार छ । पहिलो स्थानीय तहको निर्वाचन २०७४ र दोस्रो निर्वाचन २०७९ दुवैमा नेकपा माओवादीका उम्मेदवार श्रवनकुमार यादव मेयर र जीवछी देवी साह उपमेयर पदमा निर्वाचित भए । व्यावसायिक नगरीको रुपमा परिचित मिर्चैया पछिल्ला केही दिनदेखि आन्दोलनमय बनेको छ ।

मिर्चैया बजार स्थापनाकालदेखि नै सरकारको नाममा दर्ता कायम रहेको जग्गाबाट व्यवसाय सुरु गरेका व्यवसायीको घरटहरा सरकारी जमीनमा बनाएको र ६० फिटको नालासहितको सडक निमार्णक्रममा नगरपालिकाले वर्षौंदेखि बस्दै आएको घरटहरा भत्काइदिएपछि यहाँका व्यवसायी, बुद्धिजीबी, दलीय प्रतिनिधि आन्दोलनमा उत्रिएका छन् । मेयर **श्रवणकुमार यादव** र आन्दोलनकर्मीका तर्फबाट **हरिकिशोर साह**ले आइतबार **मधेशदृष्टि**का **मुकेश यादव**सँग गरेको कुराकानीः

## 'सरकारी जग्गा हडप्नेहरुको आन्दोलन हो'

### श्रवणकुमार यादव,
### मेयर, मिर्चैया नगरपालिका



**नगर प्रमुखले व्यवसायीमाथि ज्यादति गरेको आरोप लगाएका छन्, वास्तविकता के हो ?**
मिर्चैया नगरपालिका स्थापनाकालदेखि नै यो जग्गाको विषयमा विवाद चलिरहेको र अदालतमा मुद्दासमेत परेको थियो । जग्गाको विषयमा केही व्यक्तिले यो मेरो पोखरीको जग्गा हो भन्दै २०७१ सालमै जिल्ला अदालतमा मुदा दर्ता गराएका थिए । अदालतले २०७४ मा जग्गा नेपाल सरकारको नाममा रहेको फैसला सुनायो । न त नगरले कसैमाथि ज्यादती गरेको छ न त मैले नै ।

जनप्रतिनिधि नरहेको अवस्थामा पटकपटक स्थानीय व्यवसायी, नगरपालिकाका प्रशासकीय अधिकृतहरु बसेको बैठकमा जग्गाबाट सडक निर्माणका लागि खाली गर्ने भनी लिखित सहमति भएको भएको थियो ।

**सर्वदलीय बैठक बसेर समस्या समाधान गरे हुन्छ नि ?**
हामी निर्वाचित भएर आएपछि पनि सर्वदलीय सर्वपक्षीय बैठक बसी बाटो विस्तार सरकारी जमीन अतिक्रमण गरी बनाएका घर भत्काउने निर्णय भयो । सोही निर्णयबमोजिम भोग गरिरहेका व्यवसायी तथा वासिन्दासँग पनि बसेर छलफल भयो । छलफलपछि सबैले घर भत्काउने निर्णयमा सही गरे । माघ २५ गतेभित्र सबैले आफ्नो घर भत्काउने र सामान लैजाने अन्यथा नगरपालिकाले नै भत्काउने सहमति जुटेको थियो । सोही सहमतिको निर्णय नगरपालिकाले कार्यान्वयन गरेको हो । नगरपालिकाले घरहरु भत्काउदा पनि कोही केही बोलिरहेको थिएन । पछि यहाँका केही स्वार्थी व्यक्तिको उक्साहटमा आन्दोलन भइरहेको छ । यहाँ अझै पनि सरकारी जमीन हडपेर महल ठड्याएका छन् । उनीहरुले त्यो जमीन बचाउने योजना अनुसार आन्दोलन गरिरहेका हुन् ।

आन्दोलन गर्नेहरुले वार्ताका लागि बोलाए म जुनसुकै बेला उपस्थित हुन तयार छु । उहाँहरुले सर्वपक्षीय, सर्वदलीय बैठक भनेर धेरैपटक बैठक गरेको मैले थाहा पाएको छु; तर, आजसम्म मलाई एकपटक सूचनासमेत गरेका छैनन् । म यस विषयमा जहिले पनि जहाँ पनि वार्ता, सम्वाद गर्न तयार छु ।

## 'लालपूर्जा दिनु पर्नेमा घरमा डोजर लगाइदिने ?'

### हरिकिशोर साह,
### आन्दोलन नेतृत्वकर्ता



**तपाईंहरु किन आन्दोलन गरिरहनु भएको छ ? आन्दोलनको उद्देश्य के हो ?**
मिर्चैया बजार स्थापनाकालदेखि नै बस्दै आएका व्यवसायीको घर भत्काएको, मनोमानी तरिकाले नगरपालिका चलाएको, आफ्ना आसेपासेको नाममा पोखरीको जमीन कित्ताकाट गर्न लगाएको लगायतका विषयमा हामी नगरबासी आन्दोलनमा उत्रिएका हौँ । नगरपालिका भनेको स्थानीय सरकार हो । यसले व्यवसायीलाई स्थापित गर्नुपर्ने हो । तर राजनीतिक प्रतिशोधका कारण जथाभावी घरहरु भत्काइएको छ । घर भत्काउने कार्य कानुनसम्मत छैन । सडक निर्माणका लागि चाहिने ६० फिट जमीन छुट्ट्याउने नाममा जथाभावी घरहरु भत्काइए । बाटोमा पर्नेहरु आफैँले जमीन खाली गराएका थिए । तर नगरपालिकाले बलमिच्याइँ गरी कानुन आफ्नो हातमा लिएर घरहरु भत्काएको छ ।

**कस्तो खालका जमीनमा रहेको घरहरु भत्काइएको हो र ?**
बजार स्थापनाकालदेखि नै यहाँ बसेका व्यवसायी जसको नाममा २००४ को नापीमा लगत कायम गरिएको छ । त्यही जमीनको २०२५ सालमा सरकाको नाममा नापियो । अहिलेको अवस्था कित्ता नम्बर २५६ नेपाल सरकारको नाममा देखिन्छ । २०७५ साल पुस २९ गतेको राजपत्रमा गाउँ ब्लक शब्दावली भई भएको जग्गाबाट सार्वजनिक जमीन छुट्ट्याई बसोबास गरेकाहरुको जमीन नापनक्सा गर्नू भनी प्रकाशित गरेको छ । नेपाल सरकारले निर्णय गरेको कार्यमा स्थानीय सरकारले ठाडो हस्तक्षेप गरेको देखिन्छ ।

**आन्दोलनले समस्या समाधान हुन्छ त ?**
पीडित व्यवसायीले उठाएका मागहरुलाई मेयर श्रवणकुमार यादवले बेवास्ता गर्दै आइरहेकाले आन्दोलन गनुपर्ने बाध्यता छ । नगर प्रमुख यादवले मिर्चैयामा आतंक मच्चाएको, बजार क्षेत्रलाई बर्बाद गर्न लागिपरेको भन्दै यहाँका व्यवसायी आन्दोलनमा उत्रिएका छन् । चार वर्षअघि विशेष नापी टोलीद्वारा गाउँब्लकका सम्पूर्ण जमीनको नाम जाँच गरिसकेर लालपूर्जा दिने प्रक्रियामा रहेका बेला माघ २७, फागुन ११ र फागुन १९ गतेका दिन नगरपालिकाले बजार क्षेत्रका करिब तीन दर्जन घरटहरा डोजर लगाएर भत्काएको छ । स्थानीयले घर पसलमा रहेको सामान निकाल्ने समय समेत पाएनन् ।

# छिट्टै समाजवादी मोर्चा बन्ने



**मधेशदृष्टि**
**वीरगंज, १० वैशाख ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले छिट्टै समाजवादी मोर्चा गठन हुने बताएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी स्थापना दिवसको अवसरमा समाजवादीले राजधानीमा गरेको कार्यक्रमलाई सम्बोधन गदै अध्यक्षद्वय प्रचण्ड र नेपालले यस्तो बताएका हुन् । छिट्टै, केही दिनभित्रै समाजवादी मोर्चा गठन गरिने र त्यहीँबाट कम्युनिस्ट आन्दोलनको नयाँ ध्रुविकरणातिर जाने उनीहरुको भनाइ छ । 'त्यही मोर्चाले नेकपातिर फर्किन सबैलाई अपिल गर्नेछ,' प्रचण्डले भने, '२०७४ सालको चुनावअघि एकताको घोषणा गर्दै वाम तालमेल गरेका एमाले र माओवादी केन्द्रले झण्डै दुई तिहाइ बहुमत पाएको थियो ।'

२०७५ जेठमा तत्कालीन नेकपा एमाले र तत्कालीन नेकपा माओवादी केन्दबीच एकता भइ नेपाल कम्युनिस्ट पार्टी नेकपा बनेको थियो ।

तर, पछि नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नेकपाको एकता भंग गरिदिएपछि दुई पार्टी अलग भएका थिए । त्यसपछि एमाले पनि फुटेर नेकपा एकीकृत समाजवादी बनेको हो । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले विचार मिल्ने कम्युनिष्ट पार्टीहरुबीच छिट्टै समाजवादी मोर्चा बनाएर अघि बढने बताए ।

# १५ दिनमा समस्या समाधानः घिसिङ




**मधेशदृष्टि**
**वीरगंज, १० वैशाख ।**
नेपाल विद्युत् प्राधिकरणका प्रवन्ध निर्देशक कुलमान घिसिङले सुक्खा यामका कारण उत्पादन घट्दा मागको अनुपातमा विद्युत आपूर्तिमा समस्या आएको बताएका छन् ।

आइतबार प्राधिकरणमा पत्रकार सम्मेलन गर्दै उनले सुक्खायामका कारण उत्पादन घट्दा मागको अनुपातमा विद्युत आपूर्तिमा समस्या आएको बताए ।

उनले पूर्वका उद्योगी व्यवसायीले ४ दिनदेखि विद्युत् कटौति गरेर लोडसेडिङ गरेको बताए पनि लोडसेडिङ नभएको दाबी गरे । उनले विराटनगर करिडोर क्षेत्रमा विद्युत लाइनमा प्राविधिक समस्या तथा सुक्खायामका कारण उत्पादन घट्दा मागको अनुपातमा विद्युत आपूर्तिमा कमी भएको कारण विद्युत कटौती गरेको स्वीकार गरे । घिसिङले विराटनगर औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिमा प्राविधिक समस्या आएकाले ४ दिन विद्युत लोड कटौती भएको बताए । उनले सुक्खायाममा माग अनुसार उत्पादन नहुने भन्दै अझ गत वर्षको भन्दा यो वर्ष राम्रो अवस्थामा प्राधिकरण रहेको बताए । उनले गतवर्ष धेरै अफ्ठ्यारो अवस्थामा विद्युत् आपूर्ति गरेको भन्दै विराटनगर औद्योगिक करिडोरमा देखिएको समस्या तत्काल समाधान हुने बताए । उनले अहिले उत्पादन घटेको भन्दै प्राधिकरणले अधिकांश औद्योगिक क्षेत्रको लोड कटौती गरेको बताए । प्रबन्ध निर्देशक घिसिङले यो 'सर्ट टर्म'को समस्या भएको भन्दै १०-१५ दिनमा समाधान गर्ने प्रतिवद्धता जनाए । उनले यो वर्ष विद्युत आपूर्तिमा समस्या नहुने गरी काम गरिरहेको दाबी गरे ।

# कन्सुल जनरलले सम्पादक भेटे



**मधेशदृष्टि**
**जनकपुरधाम, १० वैशाख ।**
भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत नितेश कुमारले नेपालका प्रजातन्त्र सेनानी तथा लोकमत हिन्दी साप्ताहिकका सम्पादक राजेश्वर नेपालीलाई जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ स्थित भेला निवासमा आइतबार भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् ।

नेपाली गम्भीर बिरामी छन् । गतवर्ष प्रोस्टेट क्यान्सरको सफल उपचारपछि उनी निको भएका थिए ।

तर नोभेम्बरदेखि अचानक ढाड दुख्ने समस्या देखिएको छ । प्रजातन्त्र आन्दोलनक्रममा प्रहरीको लाठीचार्जबाट गम्भीर घाइते उनको स्पाइनल इन्जुरीमा असर परेको चिकित्सकले बताए । कन्सुल जनरल नितेश कुमारले उनको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।

विद्यार्थी जीवनदेखि नै प्रजातन्त्र आन्दोलनमा सहभागी नेपालीले पत्रपत्रिकामार्फत आन्दोलनलाई अगाडि बढाउने काम गरेका थिए । उनी पटकपटक जेल पनि परेका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन